# परिच्छेद एक : परिचय

## १.१अध्ययनको पृष्ठभूमि

नेपालमा आधुनिक शिक्षाको सुरुवात तत्कालिन प्रधानमन्त्री जंगबहादुर राणको पालामा बि.स. १९१० मा दरवार हाईस्कूलको स्थापनासँग भएको देखिन्छ । अर्का प्रधानमन्त्री देवशम्सेरका पालामा १५० वटा भाषा पाठशाला स्थापना गरेको देखिन्छ । बि.स. २००७ साल फाल्गुन ७ गते नेपालमा प्रजातन्त्रको स्थापना भए पछि शिक्षा प्रति सर्वसाधरणको जनचासो बढन गयो । यसैको फलस्वरुप प्राथमिक विद्यालयहरुको स्थापना धमाधम हुन थालेको पाइन्छ । गाँउ -गाँउमा विद्यालय खुल्न थाले र विद्यालय जाने सख्यामा पनि वृद्धि हुन थाल्यो । तर यसरी खुलेका विद्यालयलाई व्यवस्थित गर्ने कुनै योजना नभएकोले विद्यालयहरु जतिसुकै खुलेता पनि राम्रो प्रकारको शिक्षा दिन भने कठिनाइ रह्यो । कुन ठाँउमा कति विद्यालय खोल्ने , शिक्षाको संरचना कस्तो बनाउने , पाठ्यक्रममा कुनकुन विषय समावेश गराउने , शिक्षकको योग्यता कति तोक्ने जस्ता कुराहरुको निर्णय नगरी विधलय व्यवस्थित हुन नसक्ने भएकोले समस्या समाधानको आबश्यक सुझाव दिनका लागि बि.स. २०१० सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको गठन हुन पुग्यो । उक्त आयोगले बि.स. २०११ सालमा नेपालमा शिक्षा नामक प्रतिवेदन पेश गऱ्यो । सो प्रतिवेदनमा शिक्षाको संरचना कक्षा १ देखि ५ सम्म कायम गरी ५ वर्षे निः शुल्क सामान्य र प्रयोगगात्मक प्राथमिक शिक्षाको व्यवस्था गरी सन् १९६५ सम्ममा प्रत्येक १००० विद्यार्थीका लागि १ प्राथमिक विद्यालय व्यवस्था गरी सबै बालबलिकालाई शिक्षा प्रदान गर्ने र नेपालमा निराक्षरता उन्मुलन गर्ने उद्धेश्य राखिएको थियो । सर्वाङ्गिण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले कक्षा १ -५ लाई प्राथमिक शिक्षा कायम गरी प्राथमिक शिक्षालाई देश भर निःशुल्क एवम अनिवार्य गर्ने प्रतिवेदन आएको थियो । यसै क्रममा सन् १९६२ मा युनेस्कोको तत्ववधानमा डा. हयूग वी . उड र श्री ब्रुनो कनालको २ सदस्यिय आयोगले अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा लागु गर्ने दीर्धकालिन लक्ष्य चालु राख्ने जस्ता निर्णय भएको देखिन्छ । बि.स. २०२६ सालमा सल्लाहाकार समिति गठन गरी बि.स. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना ( नयाँ शिक्षा योजना ) लागु भएको देखिन्छ

रा.शि.प.यो. ,२०२८ ले प्राथमिक शिक्षाको एउटै मात्र उद्धेश्य साक्षर बनाउनु राखेको पाइन्छ अर्थात पढाइ , लेखाइ र अंक गणित ( थ्रि आर ) सिकाउनु नै प्राथमिक

शिक्षाको मुख्य लक्ष्य रहेको देखिन्छ । पाठ्यक्रम कार्यान्वयन योजना , २०३८ ले प्राथमिक तहको संरचना परिवर्तन गरी कक्षा १ - ५ कायम गरी यस तहको उद्धेश्यलाई वालकेद्रित अन्तरनिहित क्षमताको विकास गर्ने राखिएको पाइन्छ । बि.स. २०४७ सालमा राष्टिय शिक्षा आयोग गठन गरी बि.स. २०४९ सालमा प्रतिवेदन बुझाएको पाइन्छ । जन आन्दोलन भाग २ ( बि.स. २०६२- ०६३ ) पश्चात राष्ट्रिय पाठयक्रम प्रारुप , २०६३ ले प्राथमिक विद्यालयको संरचनालाई कक्षा १ -८ कायम गरी आधारभूत तह बनाउने नयाँ नीति ल्याएको छ । उक्त नीतिमा आधारभूत तह सम्म मातृभाषामा शिक्षा पाउने , शिक्षामा पहुँच , गुणस्तर , समानता र सार्न्दभिकता बढाउने धेरै कार्यक्रमहरु गरीएकाछन् । ( पाठयक्रम विकास केन्द्र , २०६५ ) ।

प्राथमिक विद्यालयको भौतिक सुविधा व्यवस्थित हुन जरुरी छ । कक्षाकोठाको भौतिक व्यवस्थापन अध्ययन अध्यापनको वातावरणलाई मर्यादित र व्यवस्थित पार्न कक्षाकोठाको भौतिक स्वरुप व्यवस्थित हुनु पर्दछ । जस्तै :- कक्षाकोठामा वर्षादको पानी पस्न नसक्ने , पढाइलाई वाह्य वातावरणले असर नपार्ने , झ्यालढोका सजिलै लगाउन सकिने , चुकुल वा आग्लाको व्यवस्था , एउटा कक्षाकोठाको आवाज अर्को कोठामा नजाने र कक्षाकोठामा वालमैत्रीपूर्ण व्यवहारमा शिक्षणलाई अगाडी बडाउन सकिने प्रकारको भौतिक सुविधा हुनु पर्दछ । शिक्षकले विद्यार्थीलाई स-साना समुहमा विभाजन गरी प्रत्येक समुहलाई एक खास क्रियाकलापमा संलग्न गराई शिक्षणमा व्यस्त राख्नु पर्दछ । जसले गर्दा विद्यार्थीको ज्ञान ,सीप तथा अभिवृद्धिको विकास हुनुको साथै आत्माविश्वास समेत बढन जान्छ । भौतिक सुविधा भित्र फर्निचरको व्यवस्थापन पनि पर्दछ । कक्षाकोठाको बसाइले प्राथमिक तहका कलिला वालवालिकाको सिकाइमा प्रत्यक्ष प्रभाव पार्दछ । उनिहरुलाई बस्न ,लेख्न , सुविधायुक्त डेक्स बेन्च बनाउनु पर्दछ । विद्यालय समुदायको हितको लागि स्थापित शैक्षिक सस्था हो । समुदाय विकासको लागि विभिन्न संघ, संस्था ,सरकारी तथा गैर सरकारी संस्थाहरु स्थापित भइ उद्धेश्य मुलक कार्यहरु गरी रहेका हुन्छन् । विश्वव्यापिकरणको प्रभाव , सूचना तथा प्रविधिका द्रुततर विकास र ज्ञानको विस्फोटनको प्रभावबाट हरेक व्यक्ति र संस्थाको विकास प्रक्रिया र गति प्रभावित भइ रहेको हुन्छ । आज कुनै पनि एक ठाँउमा भइ रहेको सकारात्मक वा नकारात्मक परिवर्तनको प्रभावले अन्य सम्बद्ध संस्था वा व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभाव पारेको हुन्छ । विद्यालय पनि समाजको गतिशिल ,निरन्तर

,प्रगति उन्मुख र सिङ्गो समाजलाई अग्रगामी परिवर्तन तर्फ डोहो-याउने जीबित संस्था भएकोले यसको विकास र प्रगतिमा विद्यार्थीको शैक्षिकअवस्थाले तथा विद्यार्थीकोलगानी र प्रतिफलले प्रभाव पारिरहेको हुन्छ ।कक्षाकोठाको सरसफाई समय समयमा भइ रहनु पर्दछ । कालोपाटी वा सेतोपाटी ( ह्वाइटवोर्ड ) एक सर्वसुलभ र अति उपयोगि शैक्षिक सामग्री मानिन्छ । यसको आकार राख्ने स्थान उपयुक्त ढंगबाट राखिएको हुनु पर्दछ । भौतिक सुविधा अर्न्तगत प्रर्याप्त कक्षाकोठा ,शौचालयको प्रवन्ध , खानेपानीको व्यवस्था , विद्यालय कम्पाउण्डवालको व्यवस्था ,खेलमैदानको प्रर्याप्तता जस्ता भौतिक पूर्वाधारले प्राथमिक शिक्षाका शैक्षिक अवस्थाको स्पष्ट झलक मापन गर्न सकिन्छ ।

विद्यालयको विकास र उन्नतिका लागि प्रधानाध्यापकको भूमिका प्रमुख हुन्छ । यसका लागि प्रधानाध्यापकको नेतृत्व क्षमता कुशल र सक्षम हुनुपर्दछ ।विद्यालयको नेतृत वगर्ने व्यक्ति प्रभावकारी योजना तर्जूमा गर्न सक्ने ,आफ्ना सहकर्मी शिक्षक ,अभिभावक तथा विद्यार्थीलाई समन्वय तथा अभिप्रेरित गरी विद्यालयको लक्ष्य प्राप्ती एवम् समग्र विकासमा सहयोग गर्न सक्ने ज्ञान तथा सीप हुनु पर्दछ (प्रधानाध्यापक नेतृत्व तथा क्षमता विकास तालिम , २०६८ ) ।

सामान्यत विद्यालय भन्नाले त्यस्तो सामाजिक संस्था भन्ने बुझिन्छ , जहाँ बालबालिकालाई हेरचाह , शिक्षा - दिक्षाका साथ हुर्काउने बढाउने गरिन्छ ।सामान्य अर्थमा विद्यालय समाजको शैक्षिक संगठनको रुपमा देखापर्दछ । जहाँ विभिन्न व्यक्ति र व्यक्तिका समुहहरु विद्यालयको एकाइ , कार्य र प्रक्रियाको रुपमा रहन्छ । अझै परम्परामा अन्तरक्रिया गर्ने ,पाठ्यक्रमद्धारा निर्दिष्ट लक्ष्य र उद्धेश्य हाँसिल गर्न क्रियाशिल रहन्छन् ।विद्यालयलाई बालबलिकाको दोस्रो घरका रुपमा लिने गरिन्छ । एउटा विद्यालयले आफ्नु सफलताको लागि विद्यार्थीहरुलाई विभिन्न अतिरिक्त क्रियाकलापहरुको माध्यमबाट जविनोपयोगी व्याबहारिक शिक्षा दिन सक्नु आजको माग हो । विद्यालय व्यावस्थापनमा भिन्न भिन्न उद्धेश्य, मूल्य र मान्यतामा विश्वास भएका व्यक्ति र व्यक्तिका समूहलाई उपलव्ध स्रोत र साधन तथा प्रविधिका माध्यमबाट पाठ्क्रमद्धारा निर्दिष्ट उद्धेश्य प्राप्तिका लागि समन्वयात्मक रुपमा परिचालन गरी विद्यार्थीको उच्चतम सिकाइ उपलब्धि तर्फ उन्मुख गराउनु भन्ने बुझिनछ । यो विद्यालय विविधताले भरिपूर्ण संस्था हो । लैङ्गिक,

साँस्कृतिक ,भाषिक ,धार्मिक ,जातजातिगत,क्षेत्रगत ,जीवनशैलिगत ,उमेरगत ,सिकाइ शैलिगत , बौद्धिकक्षमतागत विविधता यहाँ पाउन सकिन्छ । विद्यार्थीको सर्न्दभहोस वा शिक्षक कर्मचारीका सर्न्दभमा होस् यस्तो विभिधता यहाँको आफ्नै बिशेषता रहेको छ । विद्यालयको प्रमुख चुनौति भनेको विविधताको सम्मान र स्वीकार गर्दै विद्यार्थीको सिकाइलाई सरलिकरण गरी शिक्षणका उद्धेश्यलाई पूरा गराउनु हो ।

विद्यालय क्षेत्र सुधार योजना ,नेपाल सरकार शिक्षा मन्त्रालयद्धारा परिलक्षित आधारभूत प्राथमिक शिक्षाका लक्ष्य तथा उद्धेश्यहरु प्राप्त गर्न आ.व. २०६६/०६७ देखि २०७२/०७३ सम्मका लागि तयार गरिएको एउटा दीर्धकालीन रणनीतिक योजना हो । यस अर्न्तगत सबैका लागि शिक्षा कार्यक्रम , माध्यमिक शिक्षा सहयोग कार्यक्रम , सामुदायिक सहयोग कार्यक्रम तथा विद्यालयको भौतिक सुधारका निरन्तरता नै हो । विद्यालय शिक्षामा सार्न्दभिक वढाउन विद्यालय क्षेत्र सुधार योजनाले विद्यालय शिक्षाको वर्तमान संरचनालाई कक्षा १ देखि १२ बनाई समन्वयात्मक तथा एकिकृत रुपमा पूर्नरसंरचना गर्न खोजेको छ । तर शिक्षामा सबैको पहुँचलाई सुनिश्चत गर्न तथा अनिवार्य आधारभूत शिक्षाको प्रावधान गर्न यस योजनाले आधारभूत शिक्षालाई प्राथमिकतामा राखेको छ ( शिक्षा विभाग ,२०६६ भदौ) । विद्यालय सुधार अर्न्तगत भौतिक सुधार गर्न शिक्षा विभाग , जि.शि.का. , वि.व्य.स. र विद्यालय जिम्वेवार निकाय भई शिक्षा विभागले कार्यक्रमको निर्देशिकाको विकास गर्दछ र बजेट विनियोजन गर्दछ । वि.व्य.स. ले समुदायमा सहकार्यमा निर्माण कार्यको कार्यान्वयन गर्दछ । जि.शि.का. ले प्राविधिक सहयोग र सुपरीवेक्षण गर्दछ । विद्यालय सुधार योजना शीर्षकमा जि.शि.का.ले एकमुष्ट अनुदान विद्यालयलाई उपलव्ध गराउदछ । विद्यालयलाई विनियोजन हुने रकम विद्यालय सुधार योजनामा आधारित हुनेछ । विद्यालय अनुदान निर्देशिका र कार्यक्रम कार्यान्वयन निर्देशिकाहरुले विद्यालय तहमा कार्यक्रम संचालन गर्न र प्रतिवेदन दिन मार्गनिर्देश गर्ने छन् । नयाँ आर्थिक वर्षका लागि प्राप्तहुने अनुदान रकम प्राप्तगर्न सवै द्यिालयहरुले सामाजिक परीक्षण गरी जि.शि.का.मा पठाउन अनिवार्य छ ।

भौतिक सुधार अर्न्तगत खेल मैदान र कम्पाउण्ड सहितको विद्यालयको आफ्नै भवन हुनु पर्दछ । विद्यालयको वातावरण सधै स्वस्थ्य ,सफा र वालमैत्री हुनु पर्दछ । शिक्षा विभागले नयाँ स्थापना हुने र संचालनमा भई रहेका विद्यालयहरुले पूरा गर्न सक्ने खालको

भौतिक अवस्थाको वृस्तित विवरण सहितको नयाँ विद्यालय र विद्यालय सुधार योजनाको नमूना विकास गर्ने छ । स्थापना हुने नयाँ विद्यालयको भवन तयार गर्दा वातावरणिय आवश्यकताहरु पनि पूरा भएको हुनु पर्दछ । विद्यालय सुधार कार्यान्वयनका लागि आवश्यक आर्थिक व्यवस्थापनमा केन्द्रिय , स्थानिय र विद्यालय रहेको समुदायले साझेदारी गर्नु पर्दछ ( शिक्षा मन्त्रालय , २०६६ ) ।

विद्यालय क्षेत्र सुधार कार्यक्रमले शिक्षामा पहुँच सुनिश्चत गरी विद्यालय शिक्षालाई गुणस्तरीय र सार्न्दभिक बनाउने प्रमुख उद्धेश्य लिएको छ । यी लक्ष्य तथा उद्धेश्यहरु पूरा गर्न विगत वर्षमा सबैका लागि शिक्षा , माध्यमिक शिक्षा सहयोग कार्यक्रम , शिक्षक शिक्षा योजना , परियोजना तथा अन्य शिक्षासँग सम्बन्धित कार्यक्रमहरुलाई निरन्तरता दिदै थप शैक्षिक कार्यक्रमहरु सहित आ.व. २०६६/०६७ देखि देशभर विद्यालय क्षेत्र सुधार कार्यक्रमलाई कार्यान्वयनमा ल्याईएको छ (शिक्षा विभाग , २०६६) ।

विद्यालय सुधार योजनाको ऐतिहासिक पृष्ठभूमि हेर्दा विद्यालयको भौतिक व्यवस्थापनमा जनसहभागिता जुटाई सरोकारवालाहरुको सहभागिता वृद्धि गर्न राष्ट्रिय शिक्षा योजना र शिक्षा ऐन , २०२८ को व्यवस्थापछि विद्यालयबाट सुरु भएको मानिन्छ । यो योजना आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमको दोस्रो चरण लागु भएपछि अर्थात आ.व. २०५६/०५७ देखि स्थानीय क्षमता अभिवृद्धि कार्यक्रम अन्र्तगत कार्यान्वियन हुदै आएको देखिन्छ । सुरुमा यो कार्यक्रम १२ जिल्लामा लागु गरियो , दोस्रो वर्षमा १९ जिल्लामा लागु गरी जम्मा ३१ वटा जिल्लामा लागु गरिएको थियो त्यस्तै तेस्रो वर्षमा अर्थात २०५८/०५९ देखि बाँकि रहेका ४४ जिल्लाहरुमा अनिवार्य रुपमा विद्यालय सुधार योजना बनाउनु पर्ने प्रावधान राखियो । वि.सु.यो. लाई उपलव्धिमूलक बनाउन चौथो वर्ष आ.व. २०५९/०६० देखि स्रोत वितरण र स्थानीय तहमा कामको जिम्बेवारी समेत व्यापक परिवर्तन गर्ने अवधारण अगाडी सारेकोछ । विद्यालय सुधार योजनालाई केहि परिमार्जन गरी विद्यालय क्षेत्र सुधार योजना (२०६६/०६७) तयार गरी यसलाई दीर्घकालीन रणनीतिक योजना शिक्षा विभागले ल्याएको छ ।

सबैका लागि शिक्षा कार्यक्रम अन्र्तगत समेत विद्यालयहरुको भौतिक सुधार ( मर्मत तथा पुराना कक्षा कोठाहरुको पुन : स्थापना , पिउने पानी , शौचालय ,

फर्निचरहरुको उचित व्यवस्था तथा अस्थाइ नयाँ कक्षा काठाहरुको निर्माण गर्ने आदि कार्यक्रम पनि प्रमुख रुपमा रहेकोछ । उक्त कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न तथा वार्षिक कार्यक्रमहरु तर्जूमा गर्नकालागि केन्द्रिय स्तरमा शिक्षा विभाग , भौतिक सेवा शाखा तथा जिल्ला स्तरमा जिल्ला शिक्षा कार्यालय मार्फत कार्यक्रम संचालन गरिनेछ । कार्यक्रम अवधिभर सबै जिल्लाहरुमा विद्यालय भौतिक सुधार कार्यक्रम लागु गर्ने लक्ष्य रहेकोछ । कार्यक्रम लागु भएका जिल्लाहरुमा विद्याय भौतिक सुधारका कार्यक्रमहरु जनसहभागिता परिचालन गरी संचालन गर्न तोकिएका क्षेत्रहरुमा प्राविधिकहरु रहने छन् । प्रत्येक विद्यालयले आवश्यकता अनुसार जि.शि.का.मार्फत प्राविधिकहरुको सहयोग लिई वि.सु.यो. समेत समायोजन गरी योजना बनाउनु पर्नेछ उक्त योजनालाई वि.व्य.स.को बैठकबाट जि.शि.का.मा पठाउनु पर्नेछ ( शिक्षा विभाग , २०६६ ) ।

विद्यालय सुधार योजनाले ल्याउने सुधारका पक्षहरुले प्राथमिक विद्यालयहरुको ऐतिहासिक दस्तावेजको निर्माण भएको छ । बटम अफ एप्रोचको अवधारणा अनुसार विद्यालय सुधार योजना कार्यक्रमको सुरुवात भएकोछ । विद्यालयलाई सहयोग गर्ने दाता र सहयोगीहरु खोजि गर्ने प्रयास स्थानीय स्तरबाट समेत भएकोछ । विद्यालयको वर्तमान अवस्था विश्लेषण गरी वि.व्य.स.बाट आवश्यकताको पहिचान भइ स्रोतको खोजि भएकोछ । विद्यालय हाम्रो हो भन्ने भावनाको विकास भएकोछ । यो कार्यक्रमले आर्थिक पारदर्शिता र उत्तरदायित्व बढन गइ संथागत क्षमता अभिवृद्धिमा टेवा पुगी सहि सूचना प्रणालीमा विद्यालयको सम्पूर्ण गतिविधिहरु सान्दर्भिक , आवश्यकतामा आधारित र अर्थपूर्ण किसिमबाट अगाडी बढेकोछ ।

अध्ययन क्षेत्रको परिचय दिने क्रममा संखुवासभा जिल्लामा आ.व. २०५८/०५९ देखि विद्यालय सुधार योजना लागु भएको देखिन्छ । हिमाली तथा पहाडी भू-भागमा पर्ने यो जिल्लाको सदरमुकाम खाँदवारी हो ।

अपेक्षित शैक्षिक गुणस्तर अभिवृद्धिका लागि उपर्युक्त शैक्षिक वातावरण अपरिहार्य छ । उपर्युक्त शैक्षिक वातावरणको सृजना गर्न भौतिक पक्षको समुचित व्यवस्थापन प्रत्येक विद्यालयमा सुनिश्चित हुनु अति आवश्यकछ । विद्यालयमा भवन तथा कक्षा कोठाहरुको

समसामयिक मर्मत सुधार र रेखदेख हुनु पनि उतिकै आवश्यकछ । विद्यालयको सम्पति सार्वजनिक सम्पति हो । त्यो सम्पतिको उचित संरक्षण र सर्म्वधन हुनु सबैको साझा जिम्वेवारी हो । विद्यालय सुधार योजनाले प्राथमिक विद्यालयको भौतिक सुधारमा पारेको प्रभाव विषयमा अनुगमन गरी वास्तविकताको पहिचान गर्नु , शिक्षाको गुणात्मक विकासका लागि विद्यालय सुधार योजनाले थप भौतिक सुधार गर्न के ? कति ? हत सम्म सक्षम र प्रभावकारी छ भन्ने कुराको आधारमा पहिचान र विश्लेषण गर्न नुनढाकी गा.वि.स. अर्न्तगत पर्ने विद्यालयहरुको भौतिक अवस्था के कस्तो रुपमा छ अध्ययन अनुसन्धान हुनु आवश्यक छ । यिनै विषयवस्तुलाई समावेश गरी शोध पत्रको रुपमा प्रस्तुत गरीएको छ ।

## १.२ समस्याको कथन

विद्यालयको भौतिक विकास तथा व्यवस्थापनको सर्न्दभमा यस विद्यालयको प्रभावकारितालाई विश्लेशण गर्दा स्थानीय व्यक्ति , समुदाय , संघ संस्थाको सक्रियता र सर्मथन नै विद्यालयको सफलताको एउटा कारण हो । विद्यालयका लागि आवश्यक स्रोत जुटाउन प्रधानाध्यापक ,शिक्षक ,विद्यालय व्यवस्थापन समिति आदिको सिर्जनात्मक सोच र सक्रियतामा विद्यालयको विकासको आधारशिलाको रुपमा लिन सकिन्छ ।

एउटा कक्षा कोठामा धेरै विद्यार्थी हुनु शिक्षाको गुणस्तर सुनिश्चितताका बाधक भएको मानिन्छ । धेरै विद्यार्थी भएको साँगुरो कक्षा कोठामा मनोसामाजिक वातावरण सिकाइ अनुकुल शिक्षण गर्न अपठ्यारो पर्नु तथा कक्षा कोठाको भौतिक वातावरण अर्न्तगत कक्षा कोठा उज्यालो , सफा , हावादार उपकरण तथा सामग्रीले सु-सन्जित नहुदा त्यहाँ प्रत्येक विद्यार्थीले आरारका साथ रहन र अध्ययन गर्न सक्दैनन् । कक्षा कोठाको आकार वृद्धि गरी हिनडुललाई सजिलो बनाउने र वालमैत्री सिकाइ सुनिश्चित गर्ने ( शिक्षा मन्त्रालय , २०६६ ) ।

एक्काइसौं सताब्दीमा विश्वव्यापिकरण मानव अधिकारको संरक्षण , वाल अधिकार , शान्ति सामाजिक एवम लैङिक सानता , जनसख्या शिक्षा तथा वातावरण संरक्षण लगायत विश्वब्यापि सूचना तथा संचार जस्ता विषय वस्तुका क्षेत्रहरुको माग दिनानुदिन बढिरहेको परिप्रेक्षमा शिक्षाको भावि दृष्टिकोण स्पष्ट गर्नु पर्ने देखिन्छ । शिक्षालाई सामाजिक , आर्थिक,

साँस्कृतिक, राजनीतिक तथा आधारभूत आवश्यकताको प्रमुख साधनका रुपमा रुपान्तण गर्न सकेमा सबैको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुन्छ । मूलत : पहुँच , समानता ,सार्न्दभिकता र गुणस्थर वृद्धि गर्ने जस्ता महत्वपूर्ण पक्षहरुमा सुधार गरी जीवन प्र्यन्त शिक्षाको व्यवस्था गर्नु आजको अपरिहार्य आवश्यकता हो ( पाठ्यक्रम विकास केन्द्र , २०६३ ) । विद्यालयका सरोकारवालाहरुलाई विद्यालय प्रति जिम्बेवारी बनाई राजनीति भन्दा माथि राखी विद्यालयको  स्वामित्व जागृत गराउदै शैक्षिक , भौतिक ,र प्रशासनिक पक्षको वृद्धि विकासले भौतिक सुधारमा पारेको प्रभावमाथि उल्लेखित ढंगबाट चर्चा गर्नु आजको जल्दोबल्दो शैक्षिक समस्या तथा मुद्धा ठानेर अध्ययनको विषय वस्तु बनाईकोछ ।

अधिकांश विद्यालय भवनहरु स्थानीय तवरमा निर्माण गर्दा प्राविधिक ढाँचामा नाप नक्सा नहुनु तथा निर्माण सामग्रीहरु कम गुणस्तरको प्रयोग हुनु , बनाईएका भौतिक संरचनाहरु छोटो समयमा नै टुटफुट हुनु  , फर्निचरहरुको मर्मत सम्भार नहुनु जस्ता विद्यालयका आन्तरिक समस्यालाई अध्ययनको विषय वस्तु बनाईएकोछ ।

विद्यालय सुधार योजनाले भौतिक सुधारमा दिन - प्रतिदिन अनुगमन तथा रेखदेख पुर्याउने र विग्रिएका भौतिक सामग्रीहरु तथा संरचनाहरुको अभिलम्ब मर्मत सम्भारको कार्यहरु संचालन गर्न प्रधानाध्यापकले आफ्नु जिम्बेवार सम्भिm वि.व्य.स. का पदाधिकारी शिक्षकस्टाप  सहितको संयुक्त समिति बनाई विद्यालयको भौतिक सम्पतिको संरक्षण र सम्बर्द्धन गर्न सजिलो पर्ने देखिन्छ । भौतिक व्यवस्थापनलाई जोगाउन स्वयम सेवककोरुपमा विद्यालयको हेरचाह गर्न समितिका पदाधिकारीहरु इच्छुक हुनु पर्दछ भन्ने मूल्य र मान्यताका साथ यो शोध पत्रको  अध्ययन र अनुसन्धान गरी प्रतिवेदन प्रस्तुत गर्ने प्रयास गरिएकोछ ।

विद्यालय सुधार योजना कस्तो योजना हो,  प्राथमिक विद्यालयहरुको भौतिक सुधार कसरी गर्नु पर्दछ, प्राथमिक विद्यालयहरुमा विद्यालय सुधार योजनाको कार्यान्वयनको गतिविधि कस्तो  अवस्थामा छ , प्राथमिक विद्यालयहरुको व्यवस्थापनमा कस्तो प्रभाव पारेको छ , योजनाको कार्यान्वयनमा देखिएका समस्या समाधानको उपायहरु पत्ता लगाउनु शोधको मूख्य उद्धेश्य राखि अध्ययन गरिएको छ ।

### १.३ अध्ययनको औचित्य

यो शोध पत्रले सामुदायिक प्राथमिक विद्यालयहरुलाई आफ्नु विद्यालयको भौतिक पक्षको संरक्षण सर्म्वधन गर्न विद्यालयलाई रचनात्मक सहयोग पुर्याउने छ । सामुदायिक विद्यालयहरुको शैक्षिक र भौतिक पक्ष दिनानुदिन गिर्दो वा खच्कदो अवस्थामा पुगेका विद्यालयलाई यो सामग्रीले सहयोग पुग्नेछ ।

प्राथमिक विद्यालयका प्रधानाध्यापकले सामुदायिक प्राथमिक विद्यालयलाई उच्च प्रगति तर्फ हाँकेर लान चुनौति सृजना भएको अवस्थामा यो शोध सामग्रीले भौतिक पक्षको सफल कार्यान्वयनको अवस्थाको पहिचान गर्न , भौतिक अवस्थामाथि देखिएका समस्याको बारेमा सरोकारवाला सम्म अन्तरक्रिया गर्न , छलफल गरी भौतिक पूर्वाधारहरु वृद्धि गर्न , कक्षाकोठा व्यवस्थापनमा ध्यान पुर्याउन , विद्यालय कम्पाउण्डवालको धारणा अगाडी बढाउन , शौचालयको व्यवस्थापन र उचित प्रयोग गर्न , खानेपानीको व्यवस्थापन गरी शुद्धता र स्तर वृद्धि गर्न , प्रयोगशालाको व्यवस्थापन गर्न तथा खेल मैदानको सुदृढिकरण गर्न यो शोध पत्रले सहयोग पुर्याउनेछ ।

शिक्षा मन्त्रालयसँग सम्बन्धित नीति निर्माताहरु , शैक्षिक योजनाकारहरुलाई सामुदायिक प्राथमिक विद्यालयको वास्तविक झलक बुझ्न , नाप नक्सा बिना तयार भएका विद्यालयहरुमा भूकम्प वा अन्य दैबिक विपतिमा हुन सक्ने क्षतिलाई न्यूनिकरण गर्न , विद्यालय डिजाइन तथा नाप नक्सा तयार गरी विद्यालय निर्माण गर्न अनिवार्य छ भन्ने सन्देश दिन , भौतिक अवस्थाको सृजना गर्दा अपनाउनु पर्ने न्यूनतम मापदण्डको तर्जूम ागर्न यो शोध पत्रले फाइदा पुर्याउनेछ ।

अध्ययन अनुसन्धान गर्ने व्यक्ति ,वर्ग वा संस्थालाई विद्यालयको वास्तविक गतिविधिका बारेमा विचार विमर्श गर्न , विद्यालयले भोग्दै आएका तथा अन्य प्रकारका भौतिक अवस्थाको पहिचान गर्न , विद्यालयको भौतिक स्वरुपको अध्यावधिक विश्लेषण गर्न तथा अध्ययन अनुसन्धान गर्न थप सन्र्दभ सामग्री बन्न सक्छ ।

श्री सारदा उच्च माध्यमिक विद्यालय पोखरी , सिद्धकाली स्रोत केन्द्रका स्रोत व्यक्ति लाई आफ्नु स्रोत केन्द्रका विद्यालयहरुको भौतिक अवस्थाका बारेमा अध्ययन गर्न र आफ्नु प्रतिवेदन तयार गर्न सहयोग पुर्याउछ  साथै जिल्ल शिक्षा कार्यालय खाँदवारी , संखुवासभा को भौतिक शाखालाई आवश्यक सहयोगि पुस्तक बन्न सक्छ ।

## १.४ अध्ययनको उद्धेश्य

यस अध्ययनका लागि निम्नअनुसारको उद्धेयहरु रहेका छन्

क) विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था पहिचान गर्नु ,

ख) विद्यालय सुधार योजनाले प्राथमिक विद्यालयको भौतिक सुधारमा पारेको प्रभावको विश्लेषण गर्नु ,

ग) विद्यालय सुधार योजनाको कार्यान्वयनका समस्याहरु केलाउनु ,

घ) योजनाको कार्यान्वयनमा देखिएका समस्या  समाधानका उपायहरु पत्ता लगाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्न

यस अनुसन्धानका लागि निम्न अनुसारका प्रश्न राखिएकोछ ।

क) प्राथमिक विद्यालयहरुमा विद्यालय सुधार योजनाको कार्यान्वयनको गतिविधि कस्तो अवस्थामा छ ?

ख) प्राथमिक विद्यालयको भौतिक सुधारमा विद्यालय सुधार योजनाको भूमिका कस्तो कस्तो छ ?

ग) विद्याय सुधार योजनाले प्राथमिक विद्यालयको भौतिक सुधारमा के कस्तो प्रभाव पारेकोछ ?

घ) विद्यालय सुधार योजना अर्न्तगत भौतिक पक्षको कार्यान्वयनका समस्या र समाधानको उपायहरु के के छन् ?

**१.६ अध्ययनको परिसीमा**

संखुवासभा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ अर्न्तगत श्री सारदा उच्च माध्यमिक विद्यालय पोखरी स्रोत केन्द्रमा पर्ने नुनढाकी गा.वि.स.भित्रका सामुदायिक प्राथमिक विद्यालयहरुको मात्र अध्ययन गरिएको छ ।

गत आ.व. २०६७/०६८ को तथ्य तथ्याङ्कलाई मूख्य आधार स्तम्भ मानि विद्यालय सुधार योजनाको गत एक वर्षको समीक्षा गरी अध्ययन क्रममा परेका विद्यालयहरुको विद्यालय सुधार योजनाको वृस्तृत खाका हेरी विद्यालयले नियमित भर्नुपर्ने तथ्याङक फ्लास वान, फलास टु , सामाजिक परीक्षण आदिको सहयोगले एक शैक्षिक सत्रमा विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव खोजी गरिएको छ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

शिक्षा विभाग (२०६६) , अनुसार देशमा केहि समययता उत्पन्न असहज परिस्थिति र असुरक्षाका कारण मानिसहरु ग्रामिण भेकबाट विस्थापित भइ सदरमुकाम र वरपरका क्षेत्रहरुमा बसोबास गर्न आउनेक्रम बढी रहेकोछ साथै हरेक वर्ष आब्हान गरीने विद्यालय स्वागत तथा भर्ना कार्यक्रमका कारण कतिपय विद्यालयहरुमा विद्यार्थी भर्नामा उल्लेखनिय वृद्धि हुन गएकोछ । यसबाट यी क्षेत्रहरुमा रहेका विद्यालयहरुमा विद्यार्थीहरुको चाप बढन गई कक्षाकोठाको अभावमा पठन-पाठनमा समेत वाधा परिरहेकोछ । यस्तो समस्यालाई तत्काल समाधान गर्न , विद्यार्थीको पढन पाउने अधिकारलाई सुनिश्चित गर्न शिक्षा विभागले अस्थायी कक्षाकोठाको निर्माण गर्ने कार्यक्रम अधि सारेकोछ । गत आ.व. २०६१ /०६२ देखि नेपाल राज्यका विभिन्न जिल्लाहरुमा स्थानीय सामग्री प्रयोग हुने सस्तो प्रविधियुक्त र छोटो समयमा नै निर्माण गर्न सकिने डिजाईन विकास गरी अस्थायी कक्षाकोठाको निर्माण गर्ने कार्यक्रम राखेको छ ।

सामुदायिक विद्यालय सहयोग कार्यक्रम, (२०६६) अनुसार सामुदायिक विद्यालयहरुको व्यवस्थापन समुदायमा हस्तानतरण गर्ने नीति अनुसार सामुदायिक विद्यालय व्यवस्थापन हस्तानतरण कार्यक्रमलाई सहयोग गर्न नेपाल सरकार विश्व बैंकको संयुक्त सहभागितामा विद्यालयलाई प्रोत्साहन स्वरुप तहगतरुपमा रु. १०००००।- प्रदान गर्ने र निश्चित मापदण्डको आधारमा थप अनुदान प्रदान गरी सामुदायिक विद्यालयहरुको व्यवस्थापकिय पक्षमा सुधार गरी शिक्षाको गुणस्तरमा वृद्धि गर्न यो सहयोग कार्यक्रमको लक्ष्य रहेको देखिन्छ ( शिक्षा विभाग , २०६६ ) ।

शिक्षा मन्त्रालय (२०६६) अनुसार सबै विद्यालयमा छात्र छात्राको लागि कम्तिमा १/१ वटा शौचालय हुनु पर्दछ । कक्षा १- ५ संचालित प्राथमिक विद्यालयमा ३ वटा शैचालय हुनु पर्दछ । शौचालय सफा गर्न डिटरजेन्ट सहित आवश्यक मात्रामा पानीको आपूर्ति हुनु पर्दछ । सबै विद्यालयमा आफ्नै स्रोतको पिउने पानीको व्यवस्था हुनु पर्दछ । प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाई अनुसारको फर्निचरको व्यवस्था हुनु पर्दछ । कालो

पाटी वा सेतो पाटी , शैक्षिक सामग्री भण्डारनका लागि एउटा दराज , प्रर्दशनको व्यवस्था र सबै विद्यार्थीलाई पुग्ने फर्निचरको व्यवस्था हुनु पर्दछ ( शिक्षा मन्त्रालय , २०६६ ) ।

गुरुङ ( २०६५) का अनुसार विद्यालयको शैक्षिक सुधार र विकास गर्न शिक्षा मन्त्रालय तथा शिक्षा विभागको मुख नताकि सम्बन्धित विद्यालयबाट योजना बनाई उक्त योजनाको कार्यान्वयन , अनुगमन र मूल्याङ्कन गर्नु पर्दछ । विद्यालय सुधार योजना भन्नाले विद्यालय विकास र सुधारको मुख्य दस्तावेज हो । विद्यालयको अवस्थालाई बुझि , आवश्यकता र पहिचान गरी भावि योजनामा दूरदृष्टि पार्न यो शोध पत्र सफल भएकोछ । यसले सर्म्पूण सरोकारवालाहरुलाई अनिवार्यरुपमा बोलाई विद्यालयको बारेमा व्यापक छलफल गरी विद्यालय सुधार योजना बनाउनु पर्दछ । यस्ता योजनामा विद्यालयको सर्म्पूण कार्यक्रमहरुलाई समावेश गर्नु पर्दछ विद्यालयको निरीक्षण तथा अनुगमन सम्बन्धित स्रोत केन्द्र मार्फत गरिनु पर्दछ । विद्यालय सुधार योजनालाई औपचारिकरुपमा मात्र नलिई व्यवहारिकरपमा लागु गर्नु पर्ने सुझाव दिएको छ ।

थापा ( २०६२ ), का अनुसार विद्यालय सुधार योजनामा आधारित विकास कार्यक्रमको प्रभावकारिता शीर्षकमा विद्यालयले व्यवस्थापकीय कुशलतामा अभिवृद्धि गरी उपलब्ध स्रोत र साधनको सर्वोतम परिचालन गरेर उच्चतम प्रतिफल सुनिच्चित गर्नु पर्ने यर्थात आजको सबै भन्दा ठूलो चासोको विषय हो । सन् २०१५ सम्म सबैका लागि शिक्षा कार्यक्रमको उद्धेश्य हाँसिल गर्नकालागि स्थानीय निकायलाई सशक्तिकरण गरी शैक्षिक व्यवस्थापन स्थानिय समुदायलाई दिने कार्य अगाडी बढाएको पाइन्छ । विद्यालय सुधार योजनामा आधारित अंगहरुको पहिचान गर्ने , यसको निर्माण र कार्यान्वयनमा सरोकारवालाहरुको सहभागितामा पहिचान गरी विद्यालय सुधार योजनामा आधारित विकास कार्यक्रमको प्रभावकारिताको लेखा-जोखा गर्नु जस्ता उद्धेश्यमा लक्षित शोध पत्रले विद्यालयका संचालित कार्यक्रमको निर्माण व्यवस्थापन , कार्यक्रम संचालन र अनुगमन स्थानीय सरोकारवालाहरुको जन-सहभागिताकालागि विद्यालय सुधार योजना प्रक्रियाको विकसितरुप नै विद्यालय सुधार योजनामा आधारित विकास कार्यक्रम भएकोले सामुदायिक विद्यालय प्रति अभिभावकको चासो न्यून रहेकाले सम्बधित सबै सरोकारवालाहरुलाई यस प्रक्रियामा संलग्न गराउन विद्यालय समक्ष नभएको पाईयो । विकास कार्यक्रमको प्रभावकारि

संचालनका लागि अनुगमन महत्वपूर्ण संयन्त्र हुदाहुदै पनि सर्म्पूण सुधार प्रक्रियामा सरोकारवालाहरु र स्थानीय निकाय सम्म अनुगमन प्रक्रिया केन्द्रित नभएको पाइयो साथै विद्यालय सुधार योजनाको लक्ष्य प्राथमिक विद्यालयको सुधार गर्नु रहेता पनि धेरै मात्रामा भौतिक एवम आर्थिक विपन्नताबाट ग्रसित विद्यालयहरुको सुधार गर्नलाई छुट्टाएको रकमले विकासको अवधारणा अनुरुप गुणात्मक पक्षलाई अभिवृद्धि गर्ने अभिप्रायबाट गरीव परिवारको वाहुल्य रहेको यी सामुदायिक विद्यालयहरुमा विकासको लक्ष्यलाई समेटन नसकेको स्पष्ट छ । विद्यालय सुधारको अवस्थालाई सरसर्ति केलाउदा अस्थायी प्रकृतिको देखिने र सुरुवातको वर्ष देखिएका योजना निर्माण प्रक्रियालाई कार्यक्रमको निरन्तरताको नगन्य रुपमा लिने गरिएको छ ।

विद्यालय सहयोगि पुस्तिका ( २०६१ ) , का अनुसार स्थानीय सरोकारवालाहरुलाई विद्यालयको विकासमा सक्रिय सहभागि गराई स्वामित्व र अपनत्वको भावना जगाउदै स्थानीय तहमा योजना निर्माण , परिमार्जन , कार्यान्वयन र अनुगमन गर्ने सीप तथा क्षमताको विकास गर्दै लगानी वा स्रोतको बाँडफाँडमा तथा वितरणमा पारदर्शिता ल्याई आपसि विश्वासको वातावरण बनाउदै सिमित स्रोत र साधनबाट अधिकतम लाभ हाँसिल गर्दै विद्यालयका काममा योजनावद्ध र व्यवस्थित तरिकाले प्राथमिकता निर्धारण गरी कार्यान्वयन गर्ने बानीको विकास गरेर विद्यालय समुदायको लागि हो भन्ने भावनाले समुदायलाई आाफूले अपेक्षा गरेको शिक्षाको योजना बनाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अधिकतम फाइदा लिने तथा गुणस्तरीय शिक्षा प्रदान गर्ने । स्थानीय तहको क्षमता अभिवृद्धि गराउने , अधिकार हस्तानतरण गरेर हरेक क्रियाकलापमा पारदर्शिता ल्याई कार्यशालामा नै आवश्यक स्रोत र साधन पुर्याउने नीति अनुरुप विद्यालय सुधार योजनाका सवल पक्षहरु अर्न्तगत विद्यालयलाई सहयोग गर्न सक्ने दाता र सहयोगिको खोजी गर्ने प्रयास स्थानीय स्तरबाट सुरु भएको , स्रोतको सम्भाव्यता खोजी भएको , सामुदायिक परिचालन एवम जागरण भएको , पारदर्शिता र उत्तरदायित्व बढेको र विद्यालय हाम्रो हो भन्ने भावनाको विकास भएकोछ । त्यस्तै कमजोरी पक्षहरुमा जनशक्तिको अभाव देखिएको , समय समायोजनमा प्रतिकूल देखिएको , कार्यान्वयन पक्ष कमजोर देखिएको , प्रारम्भिक तहमा मात्रै केन्द्रित कार्यक्रम भएको अनुगमन संयन्त्रको स्पष्ट रुपमा विकास नभएको जस्ता कमजोरी पक्ष देखिएका भए पनि विद्यालय सुधार योजनाको अवसरहरुमा प्राथमिकताका आधारमा कार्यक्रम छनौट प्रणालीको थालनी , गैह्र सरकारी क्षेत्रसँग

साझेदारी गर्ने अवसर प्राप्त , विद्यालय प्रतिको जनसरोकारको चासोको विषयमा वृद्धि गर्ने विद्यालय सुधार योजना निर्माण सीपको विकास गर्ने जस्ता अवसर प्राप्त भएको तथा विद्यालय सुधार योजनाका चुनौतिहरुमा सेवा क्षेत्रमा सर्वेक्षण गर्ने कार्य जटिल भएको , सामुदायिक सहभागितामा अभिवृद्धि गराउन समस्या भएको , सीप विकास गराउन कठिनाई हुने गरेको , विद्यालय सुधार योजनाको कार्यान्वयन र स्रोतको अप्रर्याप्तता र परिचालनमा संकट जस्ता चुनौतिहरु देखिन्छन् ( विद्यालय सुधार योजना सहयोगि पुस्तिका , २०६१ ) ।

## २.२ सैद्धान्तिक खाका

नेपालको सामुदायिक विद्यालयहरुको शैक्षिक , भौतिक र व्यवस्थापकीय पक्षहरुमा समयानुकूल सुधार गर्न यससँग सम्बन्धित विभिन्न लेख, रचना र अनुसन्धानहरु प्रकाशित भएकाछन् । ( विद्यालय क्षेत्र सुधार योजना २०६६/०७२, २०६६ भाद्र ) का अनुसार, विकेन्द्रीकरणको भावना र यस सम्वन्धमा स्थानीय स्वायत्त शासन ऐनमा स्पष्ट पारिए अनुसार विद्यालय क्षेत्र सुधार कार्यक्रमका उद्धेश्य शैक्षिक योजना निर्माण र व्यवस्थापनको जिम्मेवारी स्थानीय निकाय र समुदायलाई दिने रहेको छ । सुशासन र व्यवस्थापनलाई दुई छुट्टै कामको रुपमा वर्णन गर्न तथा बुझ्न सकिन्छ । यसका लागि दुई छुट्टै निकाय जिम्मेवार रहन्छन् । योजना निर्माण र बजेट बाणफाड, विद्यालय स्थापना गरिने ठाउँका विषयमा गरिने निर्णय , औपचारिक र बैकल्पिक शिक्षा छान्ने अवसर उपलव्ध गराउने शैक्षिक गुणस्तरको मापदण्ड तयार गर्ने र विद्यालय उमेर समूहका सबै बालवालिकाहरलाई गुणस्तरीय आधारभूत शिक्षामा पहुँचको सुनिश्चितता जस्ता कुराहरु सुशासनको काम भित्र पर्दछन् । व्यवस्थापनका कामहरु भने मुख्य रुपमा संचालन तहसम्म सम्वन्धित हुन्छन् । जसले नीतिगत निर्णयलाई कार्यक्रम र कार्यान्वयन रणनीतिमा रुपान्तरण गर्दछ (२०६६ भाद्र) ।

एफ डव्लु टेलर (सन् १८८५-१९१७) का अनुसार वैज्ञानिक व्यवस्थापन भनेको मानिसलाई कुन काम गराउन खोजिएको छ र कुन काम गर्न दिएमा उनीहरुले राम्रो र किफायती ढंगले सम्पन्न गर्न सक्छन् भन्ने कुराको सही मूल्याङ्कन, परिक्षण र निचोड पर्दछ (कोइराला र श्रेष्ठ २०६३) बाट उद्धृत ।

हेनरी फियोल (सन् १८४१-१९३३)का अनुसा संगठनमा प्रशसकहरुको संगठन र व्यवस्थापन पक्षमा विशेष जोड दिए । उनको धारणा, उद्योग, व्यवसाय लगायत राजनीतिक , धर्म सैनिक, प्रशासनिक क्षेत्रका संगठनमा समेत उपयोगी सावित भयो । नियम कानुनको सट्टामा विचारपूर्व व्यवस्थापन गर्नु पर्ने धारणा उनले राखे । व्यवस्थापनको यो लोचदार धारणा अनुसार प्रयोग हुनु पर्दछ । व्यवस्थापनलाई कला कौशलको संज्ञाको रुपमा जोड दिएका छन् । व्यवस्थापनको यो सिद्धान्त र व्यवस्थापकिय कार्यको सहयोग लिएर व्यवस्थापनलाई एउटा विषयको रुपमा स्थापित गर्न सफल भएको छ । (कोइरा, श्रेष्ठ २०६३, शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहारद्वारा उदृत)

मेक्स वेबर (सन् १८६४-१९२०) का अनुसार कर्मचारीतन्त्रमा तलदेखि माथि सम्मको कर्मचारीहरुको स्तर, पद, अधिकार र दायित्वको किटान हुनु पर्ने कुरामा जोड दिइयो । आदर्श संगठन नै कर्मचारी तन्त्र हो (कोइरा र श्रेष्ठ २०६३) ।

मेरी पार्कर फोलेट (सन् १८६८-१९३३) का अनुसार मानवीय नाताले स्थापना गरी मनोवैज्ञानि ढाँचाबाट विभन्नि मन मोटाव, झगडा, कलुषित भावना, आदिको समाप्ति हुनु पर्दछ । उनले 'क्रियटिभ एक्सरसाइज' नामक पुस्तकमा सरलताका साथ उल्लेख गरेको पाइन्छ (कोइरा र श्रेष्ठ २०६३) ।

सामाजिक लाभको सिद्धान्तका व्याख्याताहरुका अुनसार शिक्षामा गरिने लगानीले सामाजिक फाइदा दिने हुँदा समाजको स्वरुप संग शैक्षिक लगानीलाई जोडेर हेर्न चाहान्छ तर आधुनिक चिन्तकहरु व्यक्तिमा सिमित हुन चाहादैन उनीहरु त शिक्षाको लगानीलाई एउछा पाटोबाट मात्रै नहेरी व्यक्तिगत लाभ र अन्तराष्ट्रिय लाभ जस्ता असिमित लाभका क्षेत्रसंग लेखाजोखा गर्न चाहान्छन् । (काफ्ले, गौडेल, अधिकारी २०६५)

समाज गितशिल र परिर्वतशिल छ । समाज सधै एकै गतिले चल्दैन र स्थिर पनि हुदैन । समाजमा उथलपुथल भइरहन्छ । यो त सामाजिक नियम हो । समाजमा न्याय प्रदान गरेर मानव सम्वन्धलाई बलियो गरी सामाजिक एकता कायम गर्ने अवधारणा जुनसुकै

समाजमा उत्पन्न भएको पाइन्छ । आधुनिक समाजले सामाजिक न्यायलाई समय र परिस्थिति अनुरुप उन्नत र प्रभावशाली बनाएको छ (काफ्ले, र अन्य २०६५) ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६१) का अनुसार "विद्यालयको प्रभावकारी व्यवस्थापनका लागि शिक्षामा व्यवस्थापनलाई ठूलो चासोको रुपमा लिएको छ । विद्यालय व्यवस्थापनका क्षेत्रमा आएका नविन प्रविधि र ज्ञानले प्रधानाध्यापकलाई अध्यावधिक रहन र सुसुचित बन्न बाध्य पारेको छ ।"

डा कोइराला र श्रेष्ठका अनुसार उद्धेश्यको आधारमा व्यवस्थापन अभिप्रेरणा गर्ने पद्धति हो , जसले उपलब्धि हासील गर्न, उत्प्रेरणा प्रदान गर्न र आत्मकेन्द्रित गर्न प्रयास गर्दछ । यहाँ माथिल्लो तह र तल्लो तहबीच समान लक्ष र उद्धेश्य प्राप्तीका लागि सामूहिक उद्धेश्य निर्धारण गरी उक्त उद्धेश्य प्राप्तीका लागि हातेमालो गर्नुपर्दछ भन्ने धारणा हो ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) का अनुसार विद्यालय सुधार योजनामा सरकाले विद्यालयको श्रेणीकरणलाई समेत ध्यानमा राखी वार्षिक एकमुष्ट अनुदान दिने नीति लिनुपर्दछ । विद्यालयलाई आवश्यक पर्ने भौतिक सुविधा आदिको व्यवस्थाको जिम्मा व्यवस्थापकको सामुदायिक दायित्वमा रहनेछ (शिक्षा आयोगको प्रतिवेदन , काठमाडौं) ।

माष्टर प्लान (सन् १९९७-२००२) का अनुसा विद्यालयलाई सुधार कार्यक्रम संचालन गर्न योजना बनाउन लगाउने र कार्यान्वयनका लागि निश्चित रकम अनुदानको रुपमा उपलब्ध गराउने व्यवस्था तथा विद्यालय सुधार योजनाको अवधारणा गुरु योजनाले ल्याएको छ ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) का अनुसार व्यवस्थापन समितिलाई भौतिक सुविधा जुटाउने, विद्यालयको सम्पत्तिको संरक्षण र सम्वर्द्धन गर्ने कार्यका साथै भौतिक सम्पत्तिको लागत राख्ने जिम्मा दिनु पर्दछ ।

## २.३ पुनरावलोकनको उपादेयता

यो शोधपत्रमा विद्यालय क्षेत्र सुधार योजनाले विकेन्द्रीकरणको भावना अनुसार तथा स्थानीय स्वायत्त शासन ऐनमा स्पष्ट पारिए अनुसार विद्यालय क्षेत्र सुधार कार्यक्रमको उद्देश्य अनुरुप विद्यलायको भौतिक सुधार गर्न प्रशस्तै सैद्धान्तिक सहयोग पुगेको छ ।

विद्यालयको भौतिक संरचना पूरा गर्न एफ.डव्लु टेलरको बैज्ञानिक व्यवस्थापन सिद्धान्तले शोधपत्रमा मार्गदर्शन प्रदान गरेको छ । भौतिक सुधारको व्यवस्थापन गर्न हेनरी फियोलको सिद्धान्तले नियम कानूनको सट्टा विचारपूर्वक व्यवस्थापन गर्नुपर्ने सीपमूलक धारणाको विकास गरेको छ । त्यस्तै मेक्स वेवर, मेरी पार्कर फोलेट आदिको सिद्धान्त अनुसार विद्यालयको भौतिक पक्षको व्यस्थापन गर्दा सम्वन्धित सरोकारवालाहरु सबैसंग मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मन - मुटाव, झगडा, कलुषित भावना आदिको समाप्ति गरी व्यवस्थापन गर्नु पर्ने अमूल्य सिद्धान्तले शोधपत्रलाई प्रर्याप्त खुराक दिएको छ ।

विद्यालय समाजको सामाजिक सम्पत्ति भएको हुनाले सामाजिक लाभको सिद्धान्त अनुसार समाजको स्वरुपसंग शैक्षिक लगानीलाई हेर्नु पर्ने धारणा प्राप्त भएको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, माष्टर प्लान, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन आदिले विद्यालयको सुधार गर्न सैद्धान्तिक ज्ञान दिएको हुँदा यो शोधलाई सहयोग गरेको कुरा नकार्न मिल्दैन ।

शोधपत्र संगै मिल्ने साहित्यको पुनरावलोकन गर्दा शिक्षा विभागद्वारा प्रकाशित विद्यालय सुधार योजनामा आधारित विकास कार्यक्रमको प्रभावकारीता, विद्यालय क्षेत्र सुधार योजनामा विकास सम्वन्धित कार्यक्रम कार्यान्वयन र विद्यालय सुधार योजना पुस्तिका जस्ता पुस्तकहरु शोधपत्र लेखनका सामग्री बन्न पुगेका छन् । जि.शि.का संखुवासभाको अगुवा स्रोत परिचालन तथा सरोकारवालाहरुको क्षमता अभिवृद्धि सम्वन्धी सहयोग पुस्तिका र पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यक्रमहरु समेत यो शोधपत्रका आन्तरिक स्रोत वन्न पुगेका छन् । प्राध्यापक काफ्लेको वित्तशास्त्र पनि शोधको आधार बन्न पुगेको छ । त्यस्तै होमनाथ गुरुङको (२०६५) र चन्द्रकुमारी थापा (२०६२) को अप्रकाशित कृति (स्नातकोत्तर तहको) शोधपत्र समेतले यो शोधपत्रलाई अप्रत्यक्ष सहयोग पुऱ्याएको छ । सम्वन्धित साहित्यको पुनरावलोकन गर्दै जाँदा विद्यालय सुधार योजनाका कार्यनीति, सवल पक्षहरु, कमि कमजोरी पक्षहरु, अवसरहरु र चुनौती समेत बुझ्नलाई सहयोग पुऱ्याएको छ।

## परिच्छेद तीन : अध्ययन विधि

### ३.१. अनुसन्धान ढाँचा

मूलतः यो शोधको अनुसन्धान कार्य गुणात्मक तथा परिमाणात्मक मिश्रित ढाँचमामा तयार गरिएको छ ।

### ३.२.जनसंख्या

यो अध्ययन अनुसन्धानले संखुवासभा जिल्ला पोखरी श्रोत केन्द्र अन्तर्गत पर्ने नुनढाकी गा.वि.स. भित्रका सामुदायिक प्राथमिक विद्यालयहरुले ओगटेको जनसंख्यालाई विद्यालय सुधार योजनाले प्राथमिक विद्यालयको भौतिक सुधारमा पारेको प्रभाव विश्लेषण गर्न आवश्यक पर्ने प्र.अ., वि.व्य.स.का अध्यक्ष तथा सदस्यहरु शि.अ.संघका अध्यक्ष तथा सदस्यहरु, शिक्षक स्टाफ, सामाजिक परीक्षण समितिमा पदाधिकारीहरु, विद्यार्थी र विषय प्रसंगसंग सम्वन्धित सबै सरोकारवाला व्यक्ति, समाजसेवी, वुद्धिजिवी र शिक्षाप्रेमीहरु शोधपत्रमा तथ्यांक संकलन गर्न सकिने जनसंख्या भित्र पर्दछन् ।

### ३.३ नमुनाको आकार

अध्ययन अनुसन्धानको प्रकियामा छानिएका विद्यालयका सबै प्रधानाध्यापकहरु , सबै विद्यालयका तीन, तीन जना शिक्षक शिक्षिकाहरु, सबै विद्यालयका वि.व्य. स. का अध्यक्ष तथा शिक्षक अविभावक सँघका अध्यक्षहरु , सबै विद्यालयका वि. व्य. स.तथा शि. अ.सँघका तीन, तीन जना सदस्यहरु, चन्दा दाता , शिक्षा प्रेमीहरु सबै विद्यालयका तीन - तीन जनाको दरले, सम्बन्धित विद्यालयका छात्र छात्राहरु तीन - तीन जना र सबै विद्यालयका विद्यालय सहयोगी (परिचर)हरु इत्यादि लाई अध्ययनको नमूना बनाइएको छ । यसको विस्तृत विवरण अनुसूची दशमा प्रस्तुत गरिएको छ ।

## नमूनाको आकारलाई तालिकामा देखाइएको छ

## तालिका नं १

## नमूना जनसंख्या छनौट विवरण

| क्र.स. | विद्यालयको नामठेगाना | प्र.अ. | शिक्षक | अध्यक्ष ( | सदस्य - | अध्यक्ष ( | सदस्य ( | शिक्षक | चन्दा दाता | शिक्षाप्रेमी | सामाजिक | अभिभावक | विद्यार्थी छात्र | विद्यार्थी छात्रा | परिचर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढकी-( प्राथमिक र माध्यमिक संयुक्त) | १ | ३ | १ | ३ | १ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | १ | |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलखाङ नुनढाँकी -३ | १ | २ | १ | २ | १ | २ | १ | १ | २ | २ | २ | २ | २ | १ | |
| ३ | श्री महादेव प्रा.वि. मैदनी- नुनढकी-४ | १ | २ | १ | २ | १ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| ४ | श्री गणेश प्रा.वि. सिङरिङ, नुनढकी -६ | १ | २ | १ | २ | १ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| ५ | श्री पासाङल्हामु प्राथमिक विद्यालय, मित्र नुनढकी -७ | १ | २ | १ | २ | १ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ नुनढकी -८ | १ | २ | १ | २ | १ | १ | १ | | १ | २ | १ | १ | १ | १ | |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढँकी -९ | १ | २ | १ | २ | १ | १ | १ | १ | १ | २ | १ | १ | १ | १ | |
| | जम्मा | ७ | १५ | ७ | १५ | ७ | १० | ९ | | १० | १५ | १० | १० | १० | ७ | |

### ३.४ नमूना छनौट विधि

अध्ययन अनुसन्धानको क्रममा शोधकार्यलाई निष्कर्षमा पुऱ्याउन आवश्यक पर्ने तथ्य तथ्याङ्क, सूचना, जानकारी लिन सबै विद्यालयका प्राध्यापक, वि.व्य.स.का अध्यक्ष र शि.अ.संघका अध्यक्ष र परिचरलाई अनिवार्य प्रश्नावली, छलफल, तथ्याङ्क लिने र सर्वेक्षण फाराम भराइएको छ । नमूना छनौटका आधारमा वि.व्य.स.का सदस्यहरु, शि.अ.संघ का सदस्यहरु, शिक्षकहरु, चन्दादाताहरु, शिक्षा प्रेमीहरु, सामाजिक परिक्षण समितिहरु, विद्यार्थी छात्रहरु, छात्राहरुलाई सबैको प्रतिनिधित्व गराउने उद्देश्यले ३/३ जना संग सूचना र जानकारी लिन छलफल, भेटघाट, अन्तवार्ता सर्बेक्षण फारा भर्ने समेत काम गरिएको छ ।

### ३.५.नमूना छनौटका आधारहरु

अध्ययन अनुसन्धानको क्रममा तथ्याङ्क संकलनका लागि सम्वन्धित विद्यालयको प्र.अहरु, शिक्षक, शिक्षिका, विद्यार्थीहरु (छात्रा/छात्र), अभिभावकहरु, वि.व्य.स. का अध्यक्ष तथा सदस्यहरु, शिक्षक अभिभावक संघका अध्यक्ष तथा सदस्यहरु, समाजसेवीहरु, सरोकारवालाहरु, बुद्धिजीवीहरु, शिक्षा प्रेमीहरुको लागि अलग अलग अध्ययन सामग्री निर्माण गरी सम्वन्धितसंग प्रत्यक्ष सर्म्पग गरी छलफल, प्रश्नोउत्तर, अन्तरवार्ता, कुराकानी, प्रश्नावलीको माध्यमबाट सूचना, तथ्याङ्क, जानकारी संकलन गर्ने साधन निर्माण गरी प्रयोग गरिएको छ ।

शोधपत्रलाई गतिशिलता बनाउँदै शोध अगाडि बढाउन नमूना छनौट गर्दा विशेष सावधानी पुऱ्याउदै अनुसन्धान पक्षपात हुनबाट बचाउनको लागि, तथ्याङ्क तथ्यपूर्ण र पारदर्शि बनाउनको लागि ,समय श्रोत र साधनको सही परिचालन गर्नको लागि , तथ्याङ्कलाई वस्तुनिष्ठ र यथार्थपरक ढंगबाट ल्याउनको लागि  नमूना छनौटको आधार तयार गरिएको छ ।

### ३.३. अनुसन्धानका साधन

अध्ययन अनुसन्धानकालाई उद्देश्यमूलक बनाउन अवलोकन, अन्तवार्ता तालिका, सर्वेक्षण फारम, रुजु सूची, मत सर्वेक्षण, छलफल, अन्तरक्रिया र बुँद्धा टिपोट आदि साधनको सहायताले अनुसन्धान गरीएको छ ।

अवलोकनको माध्यमबाट विद्यालयले नियमित रुपमा भौतिक साधनहरुको मर्मत, सम्भार, सरसफाइका कार्यहरु संचालन नगरेसम्म विद्यालयको पठन पाठनको बातावरणमा सुधार आउन सक्दैन भन्ने तथ्यलाई आधार मानि सबै विद्यालयहरुको अवलोकन गरी प्राप्त तथ्याङ्क र सूचनाको आधारमा शोध लेखन गरिएको छ। अवलोकन फारम अनुसुची छौंटौं र नवौंमा समावेश गरिएको छ।

अनुसन्धानलाई क्रियाशिल बनाउन प्रश्नावलीहरु (खुल्ला, बन्द र मिश्रित )तयार पारी प्रधानाध्यापकको लागि प्रश्नावली अनुसूची एकमा  वि.व्य.स.का अध्यक्ष, सदस्य र शि.अ.संघ का अध्यक्ष तथा सदस्यहरुका लागि प्रश्नावली तयार गरी अनुसूची दुईमा राखिएको छ । अभिभावकहरुसंग गरिएको प्रश्नावली तीनमा  राखिएको छ । शिक्षक शिक्षिका का लागि सोधिएको प्रश्नावली अनुसूची चारमा मा राखिएको छ । विद्यार्थीसंग सोध्ने प्रश्नावली अनुसूची पाँचमा राखिएको छ । यी प्रश्नावलीहरु सामाजिक विज्ञानका विविध विषयहरुमा आधारित भएर  अर्न्तवार्ताबाट गरिएका छन् ।

२ वा २ भन्दाबढि व्यक्ति वीच परस्पर बसेर अनुसुची एकदेखि पाँच मा राखिएका प्रश्नहरुको आधारमा तथ्याङ्क संकलन गरिएको छ।

अनुसन्धानलाई तथ्यपरक र बस्तुनिष्ठ बनाउन स्थलगत सर्वेक्षण गरी तथ्याङ्कअनुसूची सातमा आधारित रहि प्र.अ.,अध्यक्ष ,अभिभावक ,शिक्षक ,विद्यार्थी र विद्यालय सहयोगी ( परिचर ) आदि सँग तथ्याक  संकलन गरिएको छ।

अनुसन्धानका विविध पक्षहरु सिंहाबलोकन गर्न विभिन्न ठाउँ र समयमा बुँदा टिपोट गर्दै  तथ्याङ्क संकलन गरिएको छ।

## तालिका नं २

## अनुसन्धानका साधनहरु

| क्र.सं. | साधनहरु | औचित्य | तरिका | स्रोत | कसले |
|---|---|---|---|---|---|
| १ | अवलोकन | शोधसंग सम्वन्धित सूचना जानकारी तथ्याङ्क प्राप्त गर्न | अवलोकन फारम अनुसार स्थलगत अवलोकन अनुसुची छौटौं र नवौं बाट अवालोकन गर्ने | प्र.अ.,शिक्षक, विद्यार्थी, अभिभावक र अध्यक्षहरु आदि | शोधकर्ताले |
| २ | प्रश्नावलीहरु<br>क) वन्द प्रश्नावली<br>ख) खुल्ला प्रश्नावली<br>ग) मिश्रित प्रश्नावली | शोधसंग सम्वन्धित सूचना जानकारी तथ्याङ्क प्राप्त गर्न | प्रश्नावलीहरुद्वारा अनुसुची एकदेखि पाँच बाट तथ्याङ्क लिने | प्र.अ.,शिक्षक, विद्यार्थी, अभिभावक र अध्यक्षहरु आदि | शोधकर्ताले |
| ३ | अन्तरवार्ता | व्यक्ति, वर्ग र समुदायको धारणा बुझ्न | छलफल, अन्तरवार्ता र अनुसुची अनुसार | सरोकारवालाहरु सम्पूर्ण पक्षहरु | शोधकर्ताले |
| ४ | सर्वेक्षण फाराम | विवरण पत्ता लगाउन | सर्वेक्षण फारमद्वारा | विद्यालयसंग सम्वन्धित सरोकारवालाहरु | शोधकर्ताले |
| ५ | बुँदा टिर्पोट | शोध आकर्षक बनाउन र यथार्थपरक बुँदा राख्न | आवश्कीय बुँदा टिप्दै जाने | | शोधकर्ताले |
| ६ | भेटघाट | शोधपत्रसंग सम्वन्धित नविन सूचना र तथ्य तथ्याङ्क प्राप्त गर्ने | छलफल,भेटघाट, विचार सम्प्रेषणबाट | वि.व्य.स.का पदाधिकारी, अध्यक्ष, शि.अ.संघका अध्यक्ष, प्र.अ. स्रोतव्यक्ति र अन्य | शोधकर्ताले |
| ७ | विविध | | | | |

### ३.७. तथ्याङ्कका स्रोतहरु

शोधकार्यलाई अन्तिम निष्कर्षमा पुऱ्याउन आवश्यक पर्ने तथ्य तथ्याङ्क प्राप्न गर्न नविन सूचना प्रदान गर्न भौतिक पूर्वाधारको जानकारी लिन विद्यालयका प्र.अ., अध्यक्ष लगायत सरोकारवालाहरुसंग तथ्याङ्कका निम्न स्रोतको परिचालन गरिएको छ ।

**क) प्राथमिक स्रोतहरु**

प्रश्नावली, छलफल, अन्तरवार्ता र भेटघाटबाट तयार पारिएका तथ्याङ्कहरु समावेश गरिएका छन् ।

**ख) द्धितीय स्रोतहरु**

यस शोधपत्रमा उल्लेखित विद्यालयहरुको विद्यालय अभिलेख, विद्यालय सुधार योजनाका फायलहरु, विद्यार्थी भर्नाका रजिष्टरहरु आदिका आधारमा भौतिक पूर्वाधारको विवरण, फ्लास वान र फ्लास टू ,जि.वि.स. ⁄ जि.शि.क बाट भौतिक सुधार अन्तर्गत पठाइएका नीति नियमहरु, तथ्याङ्कहरु, बैंकबाट लिएका , वैंक स्टेटमेन्टहरु आदिको आधारमा यो शोधपत्रमा राखी लेखन कार्य अगाडी बढाइएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

विद्यालयलाई शिक्षाको औपचारीक शिक्षा प्रदान गर्ने ठाउँका रुपमालिएको छ । विद्यालबाट विद्यार्थीले व्यक्तिगत तबरबाट, अभिभावकले समाजले राष्ट्रले गुणस्तरीय शिक्षाको अपेक्षा राखेको हुन्छ । उपर्युक्त अपेक्षालाई प्राप्त गर्न विद्यालयको भौतिक सुधार व्यवस्थापन पक्षमा सुधार गर्नु पर्दछ । सामुदायिक विद्यालयहरुको शैक्षिक विकासमा भौतिक सुधार विना अन्य पक्षको सुधार विना अन्य पक्षको सुधार गर्न असंभव प्रायः देखिन्छ । यो शोध पत्रमा श्री सारदा उ.मा.वि. पोखरी स्रोत केन्द्र, संखुवासवा अन्तर्गतका विद्यालयहरुको विद्यालयस्रमा पूरा गर्न सकिने योजनाहरु, भौतिक निर्माणहरु, नयाँ भौतिक संरचनाहरु तयार गर्न कार्यक्रम, कार्यान्वयन बनाउन र भौतिक सुधारको पूर्नर योजना बनाउन निम्न लिखित बिषय वस्तुलाई उल्लेख गरिएको छ ।

विद्यालय सुधार योजनाको निर्माण के कसरी गरिएको छ ? विद्यालयको भौतिक पक्षको अवस्था कस्तो रहनु पर्दछ? भौतिक सुधार कार्यको कार्य प्रगति कहाँ पठाउने वा के गर्ने ? विद्यालयको भौतिक संरचनाको मर्मत संभार कसरी बनाउन उपयुक्त हुन्छ ? बार्षिक मर्मत तालिका बनाउने, सम्बन्धमा विश्लेषण गर्दै भौतिक पक्षहरु जस्तै : खानेपानी, शौचालय, विद्यालयभ भवन कक्षाकोठा, फनिचर, फोहोरमैला, व्यवस्थापन र ढल निकास गर्ने सम्बन्धमा प्राप्त तथ्य तथ्याङ्क र सुझाव समेतको अध्ययन अवलोकनको आधारमा विद्यालयको भावी योजनामा भौतिक सुधारको व्यवस्थापन बिषयमा र विद्यालयसुधार योजनाले भौतिक सुधारमा पारेको प्रभाव कस्तोछ? विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था पहिचान गरी प्राथमिक विद्यालयको भौतिकसुधारमा विद्यालय सुधार योजनाको भूमिका पहिचान गर्न, भौकि पक्षको कार्यान्वयनका समस्या र समाधानका उपायहरु पहिल्याउन माथि उल्लेखित बुदाँहरुको आधारमा तालिकाका, चित्र, व्याख्या विश्लेषण गर्दै सम्बन्धित सिद्धान्तसँग सहकार्य गरिएको छ ।

## ४.१ विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था

श्री सारदा उ.मा.वि. पोखरी श्रोतकेन्द्र संखुवासभा अन्तर्गत पर्ने नुनढाकी गा.वि.स. भित्रका सामुदायिक विद्यालयहरुको भौतिक अवस्था कार्यान्वयनको चरणमा निम्न पाइयो ।

### ४.१.१ विद्यालय सुधार योजना पूर्वको अवस्था

श्री सिंहदेवी मा . वि . तातोपानी, नुनढाकी १ को शौचालय र खेलमैदान अन्यन्तै नाजुक स्थितिमा थियो । श्री मनशान्ति प्राथमिक विद्यालय पोक्लबाङ, नुनढाकी ३ मा योजना अगाडि शौचालय र खेल मैदान थिएन । श्री महादेबथान प्राथमिक विद्यालय मैदाने नुनढाकी ४ मा पनि शौचालय थिएन । श्री गणेश प्राथमिक विद्यालय सिङरिङ नुनढाकी ६ मा योजना पूर्व खेल मैदान क्षेत्रफलमा सानो र बनोटमा भिरालो ढाँचाको थियो ।श्री ज्वालामुखी प्राथमिक विद्यालय याङसिजुङ नुनढाकी ८ मा सानो भिरालो आकारको काम नदिने थियो । श्री गुफापोखरी प्राथमिक विद्यालय गुफा नुनढाकी ९ मा भिरालो चउरमा प्रार्थना गराउने गरेको थियो त्यस पछि नुनढाकी गाउँ विकास समिति अर्न्तगत पर्ने सबै सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यालय सुधार योजनाको प्रक्रिया अगाडी बढाईयो ।

### ४.१.२ विद्यालय सुधार योजना पछिको अवस्था

श्री सिंहदेवी मा.वि. तातोपानी नुनढाकी १, को खेलमैदान ५००० वर्ग फिटको देखिन्छ । उक्त खेलमैदान ५ लाख लागतमा निर्माण भएको देखिन्छ । त्यसमा वि.सु.यो. बाट १ लाख ५० हजार, गाविस बाट ३ लाख ५० हजार खर्च भई कूल ४८७ विद्यार्थी लाभान्वित भएको देखिन्छ ।

श्री मनशान्ति प्राथमिक विद्यालय पोक्लङ नुनढाकी ३ को खेल मैदानको अवस्था हेर्दा २००० को फिट क्षेत्रफल ओगटेको खेलमैदान अनुमानित २ लाख रुपयाँमा निर्माण भएको देखिन्छ । त्यसमा वि.सु.यो. बाट १ लाख ५० हजार र श्रमदानबाट ५० हजार लागतमा निर्माण भई कूल ११६ विद्यार्थी मैदाने, नुनढाकी ४ को खेल मैदानको क्षेत्रफल १००० वर्ग फिट मा निर्माण भएको र अनुमानित लागत मूल्य १ लाखमा निमाण भएको देखिन्छ । यो खेल मैदानमा वि.सु.यो. बाट नै लगानी भएको देखिन्छ । यो खेलमैदानमा कूल ८८ विद्यार्थीहरु लाभान्वित भएको देखिन्छ ।

श्री गणेश प्राथमिक विद्यालय सिडरिङ नुनढाकी ६ को ३००० को फिटमा ओगटेको खेलमैदान अनुमानित ३ लाखमा निर्माण भएको देखिन्छ । उक्त खेलमैदान वि.सु.यो. बाट १ लाख, गाविस बाट ५० हजार, अन्य विद्यालयको श्रोतबाट १ लाख र श्रमदानबाट ५० हजारमा निर्माण भई कूल ३४५ विद्यार्थीहरु लाभान्वितभएको देखिन्छ ।

श्री पासाङल्हामू प्राथमिक विद्यालय भित्रे, नुनढाकी ७ मा ८९५ वर्ग फिट क्षेत्रफल ओगटेको खेलमैदान निमाण गर्दा रु.९० हजार लागतमा निर्माण भएको देखिन्छ । उक्त खेल मैदानमा वि.सु.यो बाट रु.५० हजार रश्रमदानबाट रु.४० हजार खर्चभई हाल १४४ विद्यार्थीह लाभान्वित भएको देखिन्छ ।

श्री ज्वालामुखी प्राथमिक विद्यालय याङसिजुङ, नुनढाकी ८ मा ३१८६ वर्ग फिटको क्षेत्रफल ओगटेको खेलमैदान निर्माण गर्दा रु३ लाख लागतमा वि.सु.यो. बाट रु.७५ हजार गाविसबाट १ लाख र अन्य श्रोतबाट १ लाख २५ हजार खर्च भई कूल ३५९ विद्यार्थी लाभान्वित भएको देखिन्छ ।


श्री गुफापोखरी प्राथमिक विद्यालय, गुफा, नुनढाकी ९ मा २५०० वर्ग फिट क्षेत्रफलमा निर्माण भएको खेलमैदान निर्माण गर्ने क्रममा वि.सु.यो बाट रु.१ लाख, गाविस बाट ७५ हजार र विद्यालयको अन्य श्रोतबाट २५ हजार खर्च भयो । जम्मा रु.२ लाख ५० हजारमा पूरा भएको खेलमैदानले कूल १९० विद्यालयलाई लाभान्वित गराएको देखिन्छ ।

खेलमैदान निर्माण गर्दा लागेको लगानीका श्रोतेहरु मध्ये नुनढाकी गाविस भित्रका विद्यालयहरुमा विद्यालय सुधार योजनाले के कति लगानीमा सहयोग गरेको स्पष्ट देखाउन तथा माथिको तालिकाको थप व्याख्या गर्न तल उल्लेखित तालिका हेर्न सकिन्छ । यो लगानी आर्थिक बर्ष २०६५/०६६ सम्मको बजेटमा आधारित देखिन्छ ।

**तालिका नं.३**
**विद्यालय भौतिक अवस्था**

| क.सं. | विद्यालयको ठेगाना | भवन संख्या | कोठा संख्या | अफिस कोठा | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-(प्राथमिक र माध्यमिक संयुक्त) | ५ | २० | २ | कम्प्युटर कोठा १<br>हल १ |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोक्लवाङ नुनढाकी -३ | २ | ६५ | १ | |
| ३ | श्री महादेव प्रा.वि. मैदाने नुनढाकी-४ | १ | ५ | १ | |
| ४ | श्री गणेश प्रा.वि. सिंङरिङ, नुनढाकी -६ | १ | ६ | १ | |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, भित्रे नुनढाकी -७ | १ | ५ | १ | |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | २ | ५ | १ | स्टोर १ |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाकी-९ | २ | ७ | १ | |

*श्रोत : स्थलगत सर्वेक्षण, २०६९*




माथि प्रस्तुत रेखाचिमा श्री सारदा उ.मा.वि. पोखरी श्रोतकेन्द्र अन्तर्गत पने नुनढाकी गाविस मा पर्ने सामुदायिक प्राथमिकविद्यालयहरुको भौतिक अवस्था अन्तर्गत भवनको अवस्था देखाएको छ । तालिकाका आधारमा तीन वटा विद्यालयको १/१ वटा भवन तीनवटा विद्यालयको २/२ वटा भवन र एउटा विद्यालयको ५ वटा भवन देखाइएको छ । कोठा र अफिस कोठा, अर्को विद्यालयको ६ वटा कोठा र अफिस कोठा, श्री गुफापोखरी प्रा.वि. को ८ वटा कोठा र अफिसकोठा  श्री सिंहदेवी मा.वि. तातोपानीको २० वटा कोठा दुई वटा अफिस र कम्प्युटर कोठा समेत देखाइएको छ । त्यस्तै श्रीज्वालामुखी प्रा.वि. याङसिजुङको स्टोर कोठा समेत भएको पाइयो ।

**तालिका न. ४**

**विद्यालय सुधार योजनाबाट निर्माणाधिन शौचालयको अवस्था**

| क्र. सं | विद्यालयको नाम, ठेगाना | शौचालयको अवस्था | स्टाप शौचालय | छात्र शौचालय | छात्रा शौचालय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-( प्राथमिक र माध्यमिक संयुक्त) | पक्की कोठा संख्या ६ | १ | २ | २ | कमन १ |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलखाङ नुनढाँकी -३ | पक्की कोठा संख्या २ | १ | | | कमन १ |
| ३ | श्री महादेव प्रा.वि. मैदनी-नुनढाकी-४ | पक्की कोठा संख्या २ | १ | | | कमन १ |
| ४ | श्री गणेश प्रा.वि. सिंङरिङ, नुनढाकी -६ | कच्ची १ कोठा संख्या १ | | | | कमन १ |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, भित्रे नुनढाकी -७ | पक्की कोठा संख्या २ | १ | | | कमन १ |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | पक्की कोठा संख्या २ | १ | | | कमन १ |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाँकी -९ | पक्की कोठा संख्या १ | १ | | | कमन १ |

*स्रोत : स्थलगत सर्वेक्षण मंसिर २०६७*

माथि उल्लेखित रेखाचित्रको व्याख्या विश्लेषण गर्दा नुनढाकी गाविस भित्र पर्ने सामुदायिक प्राथमिक विद्यालयहरुमा एउटा विद्यालयमा कच्ची शौचालय पाइयो । बाँकी सबै विद्यालयमा पक्की शौचालय छन । श्री सिंहदेवी मा.वि. भवनमा प्राथमिक र माध्यमिक एउटै संरचना भएको हुँदा शौचालय कोठा संख्या ६ मध्ये स्टाप, १ छात्र २,छात्रा २ र कमन १ भएको रेखाचित्रले देखाएको छ । बाँकी अन्य विद्यालयमा भने पक्की २ कोठे शौचालय एक कोठा स्टाफ र एकोठा कमन छात्र र छात्रालाई प्रयोग गन दिएको देखाइएको छ ।


### तालिका नं.५

### खानेपानीको अवस्था

| क्र. सं. | विद्यालयको नाम, ठेगाना | विद्यालय बाहिर जानुपर्छ | विद्यालयहात ा भित्र | अभाव | प्रसस्त | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-१ | - | ✓ | - | ✓ | |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलखाङ नुनढाँकी -३ | ✓ | - | ✓ | - | |
| ३ | श्री महादेव प्रा.वि. भित्रे-नुनढाकी-४ | ✓ | - | - | - | |
| ४ | श्री गणेश प्रा.वि. सिंङरिङ, नुनढाकी -६ | ✓ | - | - | - | |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, नुनढाकी -७ | - | - | ✓ | - | |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | ✓ | - | - | ✓ | |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाँकी -९ | - | ✓ | - | - | |

*स्रोत : स्थलगत सर्वेक्षण*

माथि उल्लेखित तालिका बाट के देखिन्छ भने चारवाट विद्यालयको खानेपानी विद्यालय हाता भित्र छैन । गाउँ घरमा वा अन्य स्थानमा गएर खानोपनी सेवन गर्नु पर्ने अवस्था छ । दुईवटा विद्यालयको खानेपानी विद्यालय हाता भित्र प्रसस्त मात्रामा भएको देखिन्छ ।




*स्रोत : स्थलगत सर्वेक्षण*

**तालिका नं. ६**
**खेल मैदानको अवस्था**

| क.सं. | विद्यालयको नाम, ठेगाना | क्षेत्रफल (वर्ग फिटमा) | लागत श्रोतहरु | लगानीका श्रोतहरु | लाभान्वित विद्यार्थी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-१ | ५००० | ५ लाख | गा.वि.स. बाट ४ लाख वि.सु.योबाट १ लाख ५० हजार गा.वि.स. ३ लाख ५० हजार | छात्र- २०२ छात्रा-२८५ | |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोक्लवाङ नुनढाकी -३ | २००० | २ लाख | श्रमदानबाट अनुमानित ५० हजार वि.सु.यो बाट १ लाख ५० हजार | छात्र- ६० छात्रा-५६ | |
| ३ | श्री महादेव प्रा.वि. भित्रे-नुनढाकी-४ | १००० | १ लाख | वि.सु.योबाट १ लाख | छात्र- ४५ छात्रा-४३ | |
| ४ | श्री गणेश प्रा.वि. सिंङरिङ, नुनढाकी -६ | ३००० | ३ लाख | वि.सु.यो बाट १ लाख गा.वि.स.बाट ५० हजार श्रमदानबाट ५० हजार अन्य स्रोत १ लाख | छात्र- १८५ छात्रा-१६० | |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, नुनढाकी -७ | ८९५ | ९० हजार | वि.सु.यो बाट ५० हजार श्रमदानबाट ४० हजार | छात्र- ७५ छात्रा-६९ | |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | ३१८६ | ३ लाख | वि.सु.योबाट ७५ हजार गा.वि.स. बाट १ लाख अन्य स्रोतबाट १ लाख २५ हजार | छात्र- १८७ छात्रा-१७२ | |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाकी ९ | २५०० | २ खाल ५० हजार | वि.सु.योबाट १ लाख गा.वि.स.बाट ७५ हजार अन्यबाट २५ हजार | छात्र- ९६ छात्रा-९४ | |

## तालिका नं. ७

## लगानीका श्रोतहरु

| क.सं. | विद्यालयको नाम, ठेगाना | लगानीका श्रोतहरु(रुपैयाँमा) | वि.सु.यो.बाट ( रुपया) | प्रतिशत |
|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-१ | ५० लाख | १ लाख ५० हजार | ३०% |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलखाङ नुनढाकी -३ | २ लाख | १ लाख ५० हजार | ७५% |
| ३ | श्री महादेव प्रा.वि. भित्रे-नुनढाकी-४ | १ लाख | १ लाख | १००% |
| ४ | श्री गणेश प्रा.वि. सिंडरिङ, नुनढाकी -६ | ३ लाख | १ लाख | ३३.३३% |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, नुनढाकी -७ | ९० हजार | ५० हजार | ५५.५५% |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | ३ लाख | ७५ हजार | २५% |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाकी -९ | २ लाख ५० हजार | १ लाख | ४०% |


विद्यालयमा विभिन्न क्षेत्रबाट लगानी गरिनेभएतापनि निश्चित समावधी भित्र को योजनाम कूल लगानीमा विद्यालय विद्यालयको अभिलेखबाट सुधार योजना शीर्षक मार्फत भएको लगानी देखाइएको छ ।

तालिका नं. ८

**विद्यालय सुधार योजना मार्फत लगानी कार्यान्वयनको अवस्था**

| क्र.सं. | विद्यालयको नाम, ठेगाना | वि.सु.यो. बाट लगानी % |
|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-१ | ७४.४८ |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलखाङ नुनढाकी -३ | ७४.४८ |
| ३ | श्री महादेव प्रा.वि. भित्रे-नुनढाकी-४ | ४९.६५ |
| ४ | श्री गणेश प्रा.वि. सिंङरिङ, नुनढाकी -६ | ४९.६५ |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, नुनढाकी -७ | २४.८२ |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | ३७.२४ |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाकी-९ | ४९.६५ |

*स्रोत : विद्यालयको अभिलेख*




*श्रोत : विद्यालयको अभिलेख*

## तालिका नं.९

## विद्यालय सुधार योजना लागु भए पछि कम्पाउण्डको वर्तमान अवस्था

| क.सं | विद्यालयको नाम, ठेगाना | कम्पाउण्ड वाल लम्बाई, चौडाई ( वर्ग मिटर) | किसिम | कम्पाउण्ड वाल छैन | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-१ | ५००० | - | ✓ | |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलखाङ नुनढाकी -३ | २००० | - | ✓ | |
| ३ | श्री महादेव प्रा.वि. भित्रे-नुनढाकी-४ | १००० | - | ✓ | |
| ४ | श्री गणेश प्रा.वि. सिंङरिङ, नुनढाकी -६ | ३००० | - | ✓ | |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, नुनढाकी -७ | ८९५ | - | ✓ | |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याङसिजुङ्ग नुनढाकी -८ | ३१८६ | - | ✓ | |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाकी -९ | २५०० | - | ✓ | |

*स्रोत : स्थलगत सर्वेक्षण*

समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गरी सिकारुको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउनु शिक्षाको एक महत्वपूर्ण कार्य हो । मानिसको बौद्धिक, सामाजिक, आर्थिक, पक्षहरुको विकासमानै शिक्षाका उद्देश्यहरु केन्द्रित रहेका हुन्छन । ती उद्देश्यहरु हासिल गर्न शैक्षिक व्यवस्थापन एक अपरिहार्य पक्ष हो । शैक्षिक व्यवस्थापनले शिक्षण सिकाईमा गुणात्मक सुधारल्याई शैक्षिक उत्पादन एवं प्रतिफललाई समेत स्तरयुक्त बनाउन मद्दत पुऱ्याउँदछ । विद्यालय व्यवस्थापनभित्र भवन निर्माण, कक्षाकोठा व्यवस्थापन खेलमैदान निमौण, शैक्षिक सामग्री व्यवस्थापन शिक्षक भना र नियुक्ति, विद्यार्थी भर्ना ,विद्यालय घेरावारा आदि पक्षहरु पर्दछन ।

यस नुनढाकी गा.वि.स. अर्न्तगतका विद्यालयहरुमा व्यवस्थित शिक्षण सिकाई क्रियाकलाप संचालन गर्न, विद्यालय अनुशासन कायम, गर्न विद्यालयका विद्यार्थीहरुलाई नियन्त्रण गर्न विद्यालय भित्र गरिने विभिन्न क्रियाकलापहरुमा बाह्य हस्तक्षपलाई नियन्त्रण गर्ने जस्ता कुराहरुलाई व्यवस्थापन, प्राथमिकता भित्र राखेको पाइन्छ । यहाँका विद्यालयहरुले श्रोत साधनको अभावका कारण विद्यालय घेरावारालाई प्राथमिकता दिन सकेका छैनन ।

यसले गर्दा विद्यालयको गतिविधि र क्रियाकलापलाइ नियन्त्रा गर्न गाह्रो भएको पाइयो । सबै विद्यालयको कम्पाउण्ड बाल नभएको हुँदा उपर्युक्त शैक्षिक कार्यक्रम संचालन गर्न अप्ठ्यारो भएको देखियो ।

शैक्षिक व्यवस्थापनको इतिहास केलाउदा एफ.डब्लु.टेलरको वैज्ञानिक व्यवस्थापनको सिद्धान्त (१९११) हेनरी फोयलको प्रशासनिक व्यवस्थापनको सिद्धान्त(१९१६), मेक्स बेवरको कर्मचारी व्यवस्थापनको सिद्धान्त (१८६४-१९२०), मेरी पार्टर फोलेट र जर्ज इल्टन मायोको मानव सम्बन्ध सिद्धान्त जस्ता विकास भएको पाइन्छ । यो सिद्धान्तहरुलाई दृष्टिगत गर्दा समय सापेक्षविद्यालय व्यवस्थापनका अवधारणाहरुमा परिवर्तन परिमार्जन र सम्सोधन हुँदै आएको पाइन्छ ।नेपाल सरकारले  विद्यालयलाई सुधार गराउने उद्देश्य राखेर विद्यालय सुधार योजनाका भौतिक पक्षहरु सुधार पार्ने प्रयत्न भएको पाइन्छ ।

### ४.१.३ विद्यालय सुधार योजनाको कार्यान्वयन प्रक्रिया

जिल्लामा संचालित सम्पूर्ण विद्यालयहरुको व्यबस्थापन पक्षको सुधार गरी जिल्लाको शैक्षिकस्तर वृद्धि गर्ने दायित्व जिल्ला शिक्षा कार्यालयको हो । जिल्ला शिक्षा कार्यायबाटै सम्पूर्ण विद्यालयहरुको निरीक्षण⁄अनुगमन आदि गर्न असम्भव हुने हुँदा जिल्लामा अवस्थित विद्यालयहरुलाई समूह विभाजन गरिएको छ । यसरी समूह विभाजन गरिएका विद्यालयहरुलाई पायक पर्ने गरी स्रोत केन्द्रको स्थापना गरिएको छ । प्रत्येक स्रोत केन्द्रमा एक जना स्रोतव्यक्ति⁄विद्यालय निरीक्षकको व्यवस्था गरी आफ्ना क्षेत्रमा पर्ने विद्यालयको शैक्षिक तथा भौतिक स्तर सुदृढ गर्ने व्यवस्था जिल्लाबाट मिलाइएको छ । जिल्ला शिक्षा कार्यालयबाट समय समयमा स्रोत केन्द्रका साथै विद्यालयको अनुगमन तथा निरीक्षण गर्ने, शैक्षिक तथा भौतिक साधनको अभिलेख राख्न लगाउनुका साथै स्रोत व्यक्तिहरुको कार्य दक्षताको मूल्याङ्कन तथा पुरस्कृत गर्ने व्यवस्था गर्न सकेमा विद्यालयको शैक्षिक पक्षमा सुधार आउन सहयोग पुग्न सक्ने देखिन्छ । त्यसैले विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याउन विद्यालय व्यवस्थापन समिति, स्रोत व्यक्ति, वि.नि., शिक्षक, विद्यार्थीहरुलाई ठोस निर्देशन दिने कार्य जिल्ला शिक्षा कार्यालयबाट हुन अत्यन्त जरुरी देखिन्छ ।

विद्यालयले नियमित रुपमा भौतिक साधनहरुको मर्मत सम्भार, सरसफाईका कार्यहरु संचालन नगरेसम्म विद्यालयको पठनपाठनको बातावरणमा सुधार आउदैन  त्यसैले विद्यालय संग सम्वन्धित निकाय तथा विद्यालयका सदस्यहरुले विद्यालय मर्मत संभार कार्यलाई

प्राथमिकता सूची तयार गरेर संचालन नगरेमा भौतिक साधनहरु दिनानुदिन टुटने फुट्ने र प्रयोगमा ल्याउन नसक्ने अवस्थामा नयाँ भवन निर्माणका लागि दातृ संघ संस्थाबाट पनि आर्थिक सहयोग उपलव्ध गराउन असक्षम हुने गरेकोले मर्मत सम्भारका कार्यलाई विद्यालयले गहन जिम्मेवारीको पालन गर्नुपर्ने देखिन्छ ।

नुनढाकी गा.वि.स. अन्तर्गत पर्ने सामुदायिक प्राथमिक विद्यालयको दीगो व्यबस्थापन पक्षको विकासका लागि विद्यालय सुधार योजनाको पहिचान गरी । यसको कार्यान्वयनको अवस्था प्रति सधै क्रियाशिल रहनुपर्दछ ।

प्रत्येक वर्ष जि.शि.का. ले विद्यालय सुधार योजना मार्फत कैयौं वजेट विनियोजन गरेको छ । विभिन्न राम्रो योजना बनाएका छन् । तर कार्यान्वयनको अवस्था प्रति सम्वन्धित निकायको ध्यान नपुग्न त्यत्तिकै दुःखत कुरा हो ।

### ४.२.१ वर्तमान अवस्था

तालिका नं. १०

भौतिक पक्ष निरीक्षण सम्भार तालिका

विद्यालयको नाम : श्री सिंहदेवी मा.वि. तातोपानी नुनढाकी -१

निरीक्षण मिति :

| सि.न. | क्रियाकलापहरु | भौतिक अवस्था | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राम्रो | ठीकै | तत्काल मर्मत गर्नु पर्ने | पुर्नरस्थापना गर्नुपर्ने | दयनिय अवस्था | |
| १ | जग (Foundation) | ✓ | | | ✓ | | |
| २ | जमिनको गाह्रो | | | | | | |
| ३ | झ्याल, ढोका, पल्ला | | | ✓ | | | |
| ४ | भित्ताको लिउन/ प्लाष्टर | | ✓ | | | | |
| ५ | छानाको अवस्था | | ✓ | | | | |
| ६ | भुइ( कक्षाकोठाहरु) | | ✓ | | | | |
| ७ | कालोपाटी | ✓ | | | | | |
| ८ | शौचालय | ✓ | | | | | |
| ९ | कम्पाउण्ड वाल | | | | | | नभएको |
| १० | ढल/नाली | | | | | | नभएको |
| ११ | खानेपानी | ✓ | | | | | |
| १२ | खेलमैदान | ✓ | | | | | |

*स्रोत : स्थलगत सर्वेक्षण*

विद्यालय सुधार योजना प्रत्येक वर्ष भरिसकेर सम्वन्धित जिल्ला शिक्षा कार्यालयमा पठाउनु पर्ने हुन्छ । यसरी पठाइएको विद्यालय सुधार योजना हेरी आवश्यक रकम विनियोजन भए पश्चात विचार विमर्श पुऱ्याइएन भने योजना लथालिङ्ग हुन पुग्छ । श्री सिंहदेवी मा.वि.को विद्यालय हातालाई २४ इन्चको फराकिलो जग (फाउण्डशेन) लगाउनु पर्ने देखियो । भवनको गाह्रो राम्रो अवस्थाको पाइएको छ । विद्यालय भवनको भित्ताको लिउन प्लाष्टर, छाना र भुई ठीकै अवस्थाको छ । कालोपाटी शौचालय र खानेपानी खेलमैदान अत्यन्त राम्रो देखिन्छ । उक्त तालिकालाई प्रति र डिंग्रीमा रुपान्तर गरी देखाउँदा :-.

**तालिका नं. ११**

**भौतिक पक्षको अवस्था**


| सि.न. | भौतिक अवस्था | प्रतिशत | डिग्री | कैफियत |
|---|---|---|---|---|
| १ | राम्रो | ४१.६६ | १४९.९७ | |
| २ | ठीकै | २५.०० | ९०.०० | |
| ३ | तत्काल मर्मत गर्नुपर्ने | ८.३३ | २९.९८ | |
| ४ | पुर्नस्थापना गर्नुपर्ने | ८.३३ | २९.९८ | |
| ५ | नभएको | १६.६६ | ५९.९७ | |
| | जम्मा | १०० | ३६० | |

*स्रोत : स्थलगत सर्वेक्षण*

श्री सिंहदेवी मा.वि तातोपानी नुनढाकी-१ स्थित विद्यालयको प्राथमिक स्तरसँगै सम्वन्धित अध्ययन गर्न खोजेता पनि माध्यमिक विद्यालयसँग सम्श्रिण भएको हुदा माध्यमिक विद्यालयको तथ्याङ्क प्रर्दशन गर्नु परेको हो । विद्यालय सुधार योजना को कार्यान्वनको अवस्था पहिचान गर्ने क्रममा यस विद्यालयको भौतिक अवस्था लाई वाह्र वटा उपभागमा राखी तालिकामा देखाउदै उक्त तालिका लाई चक चित्रमा प्रदर्शन गरेर यस द्यिालयको विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था थाहा पाउन खोजिएको छ ।

नुनढाकी गा.वि.स वार्ड नं. २ मा कुनै पनि विद्यालय छैन् । वार्ड नं. ३ स्थित श्री मनशान्ति प्राथमिक विद्यालय पाक्लवाङले नियमित रुपमा विद्यालय सुधार योजना तयार गरेको छ वा छैन भन्ने कुरावाट थालनी भएर यसको कार्यान्वयनको अवस्था पत्ता लगाउन

विभिन्न छलफल भेघाट, अर्न्तर्वाता , प्रश्नावली , वुदाँ टिपोट समेत गरी वास्तविकताको नजिक पुग्ने प्रयास गरिएको छ ।




*स्रोत : स्थलगत सर्वेक्षण*

**तालिका नं १२**
**विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्था**
**विद्यालय सुधार योजना कार्यक्रम -२०६७**

| क्र.सं. | योजनाको कार्यक्रम | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | भवन | सुरक्षित, पानी नचुहने, झ्याल ढोका उपयुक्त भएको | ठीक छ | |
| २ | कक्षाकोठा | कक्षालाई पुग्ने | ठीक छ | |
| ३ | फर्निचर | विद्यार्थी अनुपातलाई पुग्ने गरी बनाउने | | फर्निचर निर्माण क्रममा |
| ४ | कालोपाटी | कक्षाकोठा अनुसार पुग्ने गरी निश्चित आकारमा निर्माण गर्ने | | |
| ५ | शौचालय | छात्र/छात्रा प्रयोग गर्न पुग्ने गरी | लक्ष्य अनुसार भएको | |
| ६ | फोहोर जम्मा गर्ने भाडा | प्रत्येक कक्षाकोठामा र विद्यालय हातामा | लक्ष्य अनुसार भएको | |
| ७ | खेलकुद सामाग्रीहरु | विद्यार्थीको अनुपातलाई पुग्ने डोरी रिङ्ग सामग्री क्यारामवोर्ड र अन्य | लक्ष्य अनुसार भएको | केही कम भएको |
| ८ | सूचना पाटी | ५ फिट/३ फिट को सूचना पार्टी बनाउने | | निर्माणवाधिन |

*स्रोत : स्थलगत सर्वेक्षण*

श्री मनशान्ति प्राथमिक विद्यालय पोक्लवाङ नुनढाकी-३ को भौतिक पूर्वाधार तयारी गर्न प्राप्त भएको हाल सम्म (२०६५।०६६) को लागि रु.२ लाख मध्ये विद्यालय सुधार योजनाले एक्लै १ लाख ५० हजार लगानीलाई स्रोत जुटाई सहयोग पुऱ्याएको स्थलगत सर्वेक्षणबाट थाहा भयो । उक्त लगानीका स्रोतबाट प्राप्त रकमलाई विद्याय सुधार योजनाको कार्यन्वयन विद्यालय सुधार योजना वार्षिक कार्यक्रम २०६७ ले लक्षित गरेका आधारमा लगभग लक्ष्य पूरा भएको देखिन्छ ।

प्रत्येक वर्ष विद्यालय सुधार योजना (यस.आई.पि) तयार पारी जिल्ला शिक्षा कार्यालय खाँदवारी संखुवासभामा पाउने गरेको । त्याहाँबाट प्राप्त भएको अनुदान रकमबाट विद्यालय सुधार योजनाको कार्यान्वयन अवस्थ वार्षिक कार्यक्रम तयार पारी लक्ष्य र प्रगति औल्याउदा विद्यालय सुधार योजनाले यस विद्यालयको भौतिक सुधारमा सकारात्मक प्रभाव पाएको तथ्य तथ्याङ्कबाट प्रतिशत  हुन पुगेको देखियो ।

श्री महादेव प्राथमिक विद्यालय मैदाने नुनढाकी -४ को विद्यालय सुधार योजनाको कार्यान्वयनको अवस्था पहिचान गर्दा लगभग ४० वटा घर धुरी भएको यस विद्यालयको सेवाक्षेत्र आर्थिक र सामाजिक र शैक्षिक रुपमा केहि पछाडी रहेको वर्तमान अवस्थामा जि.शि.का. बाट यस आइ.पि. को आधारमा गरिने लगानी नै यस विद्यालयको मूख्य स्रोत देखियो । वि.सु. यो मार्फत प्राप्त रु.१००००० बाट तपशिलमा उल्लेखित कार्य योजना बनार्य कायान्वयन भएको पाइयो ।


**तालिका १३**

**विद्यालय सुधार योजनाबाट गरिएका लगानीहरु**

| क्र.स. | विवरण | अनुमानित लगानी रु | लक्ष्य | कैफियत |
|---|---|---|---|---|
| १ | चर्पी ( २ कोठे) | १०००००।- | ५०% जनश्रमदान गर्ने | |
| २ | खेल मैदानको स्तर बृद्धि गर्ने | १०००००।- | ५०% अन्य दातृ संघ संस्था को खोजी गरी लगानी गर्ने | |
| ३ | फर्निचरको व्यवस्थापन | २५०००।- | गा.वि.स. संग अनुरोध गर्ने | |

*स्रोत : स्थलगत अध्ययन*

यस विद्यालयले जि.शि.का. बाट प्राप्त गरेको विद्यालय सुधार योजना मार्फत भौतिक सुधारका माथि उल्लेखित योजना बनाउन विद्यालय व्यवस्थापन समितिको बैठकबाट सेवा क्षेत्र भरिका आम अभिभावकको भेला गराई ५०% स्थानीय रुपबाट जन श्रमदान गर्ने र अन्य संघ संस्थाको खोजी गरी लगानीमय बातावरण सृजना गर्दै भौतिक सुधारलाई पूरा गरेको देखन्छ ।




*स्रोत : स्थलगत सर्वेक्षण*

श्री गणेश प्राथमिक विद्यालय सिडरिङ्ग नुनढाकी -६ मा वार्षिक कार्य योजना निर्माण गरी विद्यालय सुधार योजना (यस.आई.पी) को वाषिक कार्यक्रमलाई लक्ष्य बनाउदै प्राप्त विद्यालय सुधार योजनाको अनुदान रकम रु.१०००००।- लाई खेलमैदानको छेऊमा पर्खाल लगाउने र नपुग भएका फर्निचर ॄरि गर्ने लक्ष्य निर्धारण गरी सबै काम पूरा भएको देखियो ।

श्री पासाङ्गल्हामू प्राथमिक विद्यालय भित्रे नुनढाकी -७ नयाँ निर्माण भएको विद्यालय हो । यहाँ जिल्ला शिक्षा कार्यालयबाट खरवन्दी दिन सकेको छैन । लगभग ४२ घरधुरी भएको सेवाक्षेत्र रहेको यो विद्यालय हाल कक्षा ३ समम भाग अध्यापन हुदै आएको छ । जिला शिक्षा कार्यालय खाँदवारी, संखुवासभाबाट प्राप्त प्राप्त भएको विद्यालय सुधार

योजनाबाट प्राप्त अनुदान रकम रु. ५० हजारले र थप जन श्रमदानबाट रु.४० हजार कुल ९० हजार मा एउटा सानो विद्यालय भवन र ८९५ वर्ग फिट क्षेत्रफल भएको खेलमैदान समेत निर्माण गरिएको पाइयो ।

श्री ज्वालामुखी प्राथमिक विद्यालय याङसिजुङ नुनढाकी -८ हाल ५ दशक पार गरि सकेको हुनाले विद्यालय सुधार योजनाको कार्य प्रगति वार्षिक कार्य योजनाको आधारमा कार्य सूची तयार गरी कार्यक्रम अगाडी बढाएको पाइयो । यस विद्यालयमा वि.सु.यो. बाट प्राप्त अनुदान रु.७५ हजार गा.वि.स. बाट प्राप्त अनुदान रकम रु. १ लाख र अन्य स्रोतबाट अनुदान रकम रु.१ लाख २५ हजार गरी कूल ३ लाख रकम प्राप्त गरी ३ १८६ वर्ग फिट क्षेत्रफल भएको खेल मैदान निर्माण भएको देखन्छि ।

श्री गुफा पोखरी प्राथिमक विद्यालय गुफा नुनढाकी -९ एउटा पर्यटकिय स्थल क्षेत्र भित्र पर्दछ । भौगोलिक हिसावले हेर्दा तेह्रथुम, संखुवासभा र ताप्लेजुङ्ग को संगम क्षेत्र हो । हावापानी ठण्डा र हिऊ पर्ने एउटा साना व्यापारीक नाका पनि हो । यहाँ विद्यालय सुधार योजना बाट प्राप्त रु. १ लाख रकम गा.वि.स.बाट कूल २ लाख ५० हजार मा २५०० वर्ग फिट भएको खेल मैदान निर्माण भएको देखिन्छ । जिल्ला विकास समिति बाट प्राप्त भएको अनुदानले नयाँ विद्यालय भवन हाल निर्माण गरिदै छ ।

प्राथमिक विद्यालयको अवस्था विश्लेषण गर्दा त्यहाँको व्यवस्थापन अवस्था हेर्नु पर्ने हुन्छ । विद्यालय सुधार योजनाले विद्यालयको भौतिक व्यवस्थापन अन्तर्गत विद्यालय भवन, पर्फिनचर, खेलमैदान, पिउने पानी, शौचालय कम्पाउण्ड वाल, फोहोरमैला व्यवस्थापन, विद्यालयको ढल निकासा आदिको सुधार गर्न अनुदान प्रंदान गर्दछ । वर्षेनी जिल्ला शिक्षा कार्यालयबाट प्राप्त वि.सु. यो अन्तर्गत अनुदान रकमलाई निश्चित कार्य योजना निर्माण गरी विद्यालयको चौतर्फी सुधार गर्न सकिन्छ ।

पोखरी स्रोत केन्द्रमा पर्ने नुनढाकी गा.वि.स. भित्रका सामुदायिक प्राथमकि विद्यलायसंग सम्वन्धित सरोकारवाला, बुद्धिजीवी, स्थानीय शिक्षा विद्, गैह सरकारी संघ संस्थालाई आमन्त्रण गरी विद्यालयको कार्यक्रमलाई भौतिक सुधारको कार्ययोजना वनाई कार्य प्रगति तर्फ अगाडि बढाउन प्रधानाध्यापकले वि.व्यस.को वैठकबाट समग्र शैक्षिक, भौतिक, पक्षको सम्वन्धमा छलफल गराई निर्णय गरेको अवस्था भेटिएको छ । स्थानीय

तहमा योजना निर्माण तथा परिमार्जन कार्यान्वनयन र अनुगमन गर्ने सीप तथा क्षमताको विकास गराउन सफल वि.सु.यो ले विद्यालय समुदायको लागि हो र समुदायको सहयोग विकासका लागि हो भन्ने धारणाको विकास गराएको पाइयो । स्थानीय तहमा क्षमताको अभिबृद्धि गराउने अधिकारको हस्तान्तरण गरी भौतिक निर्माणका क्रियाकलापमा स्थानीय स्रोत र सामग्रीको प्रयोग गरी दीगो विद्यालय विकासमा आर्थिक पारदर्शि ल्याउन प्रत्येक विद्यालयको ऐतिहासिक दस्तावेज निर्माण हुन पुगेको छ । जि.शि.का.को अनुदान निकासा रकममा आफ्नो विद्यालयको चालिस प्रतिशत रकम साझेदारी र पब्लिक प्राइभेट पाटनरसीप गरी विद्यालको भौतिक आवश्यकतालाई परिपूर्ति गरेको पाइयो ।

अध्ययन क्षेत्रमा परेका विद्यालयहरुले जि.शि.का. बाट प्राप्त वि.सु.यो. को. अनुदानको रकमलाई वि.व्य.स. तथा शि.अ. संघको बैंठक बसी भौतिकपक्षको विशलेषण गरेर कुन शीर्षकमा के कति लगानी गर्ने भन्ने कुराको लेखाजोखा गरेको त्यसैका आधारमा भौतिक पूर्वाधारलाई पूरा गर्ने गरेको स्थलगत सर्वेक्षणबाट थाहा पाइयो ।

### ४.२ विद्यालयको व्यवस्थापनमा विद्यालय सुधार योजनाले पारेको प्रभाव

प्राथमिक विद्यालय भन्नाले कक्षा १ देखि कक्षा ५ सम्म दिइने शिक्षालाई र विद्यालयलाई जनाउछ । हुनत राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले विद्यालयलाई २ भागमा वर्गीकरण गरे अनुसार कक्षा १ देखि कक्षा ८ सम्म प्राथमिक विद्यालय र कक्षा ९ देखि १२ सम्म माध्यमिक विद्यालय तोकेको अवस्था भएपनि वर्तमान समयमा कार्यान्वयन हुन सकेको छैन । यस शोधपत्रमा प्राथमिक विद्यालय भन्नाले कक्षा ५ सम्मलाई भन्न खोजिएको छ ।

विद्यालय सुधार योजना त्यस्तो योजना हो, यसले प्राथमिक विद्यालयको भौतिक सुधार भवन, खेलमैदान निर्माण तथा स्तरवृद्धि खोनपानी सुविधा फर्निचर व्यस्थापन, विद्यालय घेरावार विद्यालयको फोहोर व्यवस्थापन विद्यालयको हातामा वृक्षारोपन गरी विद्यलायको भौतिक स्वरुपलाई र भौतिक सम्पति लाई संरक्षण तथा सर्वर्धन गर्न विद्यालयको भौतिक सुधार गर्न अहोरात्र मद्दत पुऱ्याएको देखिन्छ ।

विद्यालय सुधार योजनामा आधारित अंगहरुको पहिचान गर्न सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यालय सुधारयोजनाको गतिविधि थाहा पाउनु, भौतिक वस्थाको लेखाजोखा गर्न, वि.सु.यो को निर्माण तथा कार्यान्वयनमा सराकोरवालाहरुको सहभागिता स्पष्ट थाहा

पाउनु, विद्यालयका आन्तरिक र बाह्य श्रोतको पहिचान गरी श्रोतको बाँडफँड तथा वितरणमा पारदर्शिता ल्याई आपसी विश्वासको वातावरण बनाउनका निम्ति नुनढाकी गाविस भित्र पर्ने सामुदायिक विद्यालयहरु श्री सिंहदेबी मा वि नुनढाकी १, श्री मनशान्ति प्रा वि पोक्लवाङ नुनढाकी ३, श्री महादेब प्रा वि मैदाने नुनढाकी ४, गणेश प्रा वि सिङरिङ नुनढाकी ६ , श्री पासाङल्हामू प्रा. वि. भित्रे नुनढाकी ७ , श्री ज्वालामुखी प्रा वि याङसि जुङ नुनढाकी ८ र श्री गुफा पोखरी प्रा वि गुफा नुनढाकी ९ मा विद्यालय सुधार योजनाबाट प्राप्त अनुदान रकममा आ-आफनो विद्यालयको केही प्रतिशत रकम थप गरी खेलमैदान, खानेपानी, कक्षाकोठा व्यवस्थापन, फोहोर संकलन गर्ने टोकरीहरु, थप फर्निचरको व्यवस्था र कालो पाटी व्यवस्थापन इत्यादि कार्यमा खर्च गरी उक्त रकमबाट विद्यालय लाभान्वित भएको हुदा विद्यालयको व्यवस्थापनमा विद्यालय सुधार योजनाले सकारात्मक प्रभाव पारेको देखिन्छ ।

शिक्षा विभाग (२०६६), अनुसार नेपाल राज्यका विभिन्न जिल्लाहरुमा स्थानीय सामग्री प्रयोग गरी सस्तो, प्रविधियुक्त र छोटो समयमा निर्माण गर्न सकिने डिजाइनको विकास गरी कार्यक्रम तर्जुमा गरेको हुदा सो कार्यक्रम पूरा गराउने तर्फ विद्यालय लाग्नु पर्दछ भन्ने भनाइ अनुसार यहाँका विद्यालयहरुमा विद्यालय सुधार योजनाबाट प्राप्त अनुदान रकमलाई विद्यालयको साधन र स्रोतले समेत अतिरिक्त थप रकम प्रदान गरी विद्यालयको लागि अत्यावश्यक पर्ने भौतिक सामग्रीहरु, व्यवस्थापन सामग्रीहरु र भौतिक पूर्वाधारहरुको बृद्धि विकास गनुपर्दछ भन्ने मान्यता पूरा गर्न विद्यालय सुधार योजनाले विद्यालयहरुमा सकारात्मक प्रभाव पारेको स्पष्ट देखिन्छ ।

## ४.३ **विद्यालय सुधार योजना कार्यान्वयनका समस्याहरु**

विद्यालय सुधार योजना एउटा शैक्षिक कार्यक्रम हो यो कार्यक्रम प्राप्त गर्न शैक्षिक सत्रको सुरुमै सरोकारवालाहरुको भेलाद्धारा एस.आइ.पी निर्माण गरी स्रोत केन्द्रमा संकलन गर्नुपर्दछ । त्यसपछि स्रोतकेन्द्र मार्फत आफनो स्रोत केन्द्र भरीका एस.आइ.पी.हरु जि. शि. का. मा पुऱ्याउनु पर्ने , एस. आइ. पी. निर्माण नगरी कुनै पनि भौतिक सुधारको रकम विद्यालयले प्राप्त नगर्ने समस्या एकातिर छ भने अर्कोतिर निर्माण उपभोक्ता समिति निर्माण गर्दा राजनीतिक दबाब हुने अर्को समस्या छ । सदरमुकाम जान आउन टाढा भएको एस..आइ.पी. को कूल रकमको ४० प्रतिशत सम्बन्धित विद्यालयले बेहोर्नुपर्ने अर्को समस्या देखिन्छ । दक्ष, योग्य, कालीगढ तथा प्राविधिकहरुको अभाव भएको हुदा अयोग्य अथवा

अदक्ष कामदार वा प्राविधिकद्धारा काम सम्पन्न गर्नुपर्ने समस्या छ । यो देखि बाहेक पारिश्रमिक, ज्यालादर उच्च भएको, सामान ढुवानी गर्दा धेरै खर्च लाग्ने , समयमा काम गराउन नसकेर निर्माण सामग्रीहरु (सिमेन्ट) नष्ट हुने , कार्यक्रम सम्पन्न भएपछि जि.शि. का. का प्राविधिकहरु लाई केही प्रतिशत रकम नदिइ कार्यक्रम फरफराक (फर्स्योट) नहुने र कार्यक्रमको रकम खर्च गर्दा पारदर्शिता नभएको भनेर लेखा परिक्षकले औंल्याउने गरेको आदि समस्याहरु विद्यालय सुधार योजना कार्यान्वयमा देखिएका छन् ।

## ४.४ योजना कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु

पिनाकल पब्लिकेशन प्रा.लि.(२०६७) का अनुसार कुनै स्थानीय निकाय वा विद्यालय व्यवस्थापनको जिम्मा लिई विद्यालय संचालन चाहेमा त्यसको कार्य योजना बनाई स्वीकृतिका लागि विभाग समक्ष निवेदन गर्न सक्ने छन । स्थानीय समुदायको प्रतिनिधित्व समेत गराई शैक्षिक संस्था संचालन गर्ने गरी प्रचलित कानुन बमोजिम दर्ता भएको कुनै शिक्षण संस्थाले आर्थिक तथा भौतिक दृष्टिले कमजोरमानिएको कुनै सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा लिई विद्यालय संचालन गर्न चाहेमा त्यसको कार्ययोजना बनाई स्वीकृतिको लागि विभाग समक्ष निवेदन दिन सक्ने छ, पिनाकल पब्लिकेशन (२०६७) । योजना कार्यान्वयनमा देखिएका समस्याहरु र समाधानका उपायहरु क्रमशः तल प्रस्तुत गरिएको छ -

### ४.४.१ श्री सिंहदेवी मा.वि.तातोपानी, नुनढाकी -१

विद्यालय सुधार योजनाको व्यवस्थापन पक्ष कसरी कार्यान्वयन भएको छ अथवा भौतिक पक्ष कार्यान्वयनका सबालमा के कस्ता समस्या देखिएका छन भन्ने सम्बन्धमा अध्ययन गर्दा विद्यालय सुधार योजनाको निर्माण गर्दा विद्यालयसँग सम्बन्धित सरोकारवालाहरु, बुद्धिजीविहरुलाई र स्थानीय शिक्षाप्रेमी आदिलाई आमन्त्रण गरी एस.आई.पि. को निर्माण गर्ने गरेको पाइयो । विद्यालयले बार्षिक कार्य तालिकाको निर्माण गरी वि.व्य.स. का अध्यक्षको अध्यक्षतामा वि.व्य.स. का पदाधिकारीहरु शि.अ.संघका अध्यक्ष तथा शिक्षक स्टापको संयुक्त बैंठक बसी भौतिक पक्षको अवस्था छलफल गरी कार्यक्रम बनाई जि.शि.का खाँदवारीमा पेश गरी प्राप्त अनुदान निकासाले विद्यालयलाई रचनात्मक सहयोग पुगेको प्र.अ. को अनुभव छ ।

व्यवस्थापन पक्षको कार्यान्वयनमा जिल्ला शिक्षा कार्यालयले रकम निकासा गराएपछि उपभोक्ता समितिको व्यवस्था गर्नु पर्ने र निर्माण कार्यलाई अगाडि बढाउन पर्ने भएको हुँदा पारिश्रमिक विनाको समिति बस्न अप्ठयारो मान्ने गरेको तितो अनुभव प्राप्त भयो । यदि निर्माण समितिमा बसेतापनि समितिका पदाधिकारीको निस्कीयता न्यून पाइयो । सदरमुकाम जाने आउने काममा उक्त रकमबाट खर्च गर्नुपरेको, निर्माणका सामग्री खरिद गरी ल्याउन ढुवानी धेरै लाग्ने गरेको, निर्माण कार्यमा दक्ष कामदारको अभाव भएको, न्यून स्तरीय भवन निर्माण गर्न नसकेको, जि.शि.का . ले दिएको अनुदान निकासामा ४० प्रतिशत रकम थप्न विद्यालयलाई आर्थिक समस्या भएको, स्थानीय श्रमिकहरुको पारिश्रमिक दर उच्च भएको र निर्माण कार्यलाई कार्यानवनय गर्न गराउन प्रधानाध्यापकलाई अप्ठयारो परेको पाइयो ।

जिल्ला शिक्षा कार्यालय खाँदवारी संखुवासभाका प्राविधिकहरुले निर्माण कार्यको फरफराक गर्न ढिलाई गरेको । फरक फराक गर्दा प्रतिशत रकम लिन खोजेको । कार्यक्रम सम्पन्न भएको प्रमाणित गराउन विद्यालयलाई असजिलो भएको आदि समस्या भौतिक निर्माणसँग गाँसिएको पाइयो । कतिपय विद्यालयका प्र.अ. हरुले काम सम्पन्न नभएको अवस्थामा पनि प्राविधिकलाई केही प्रतिशत रकम ख्वाई कार्यक्रम फरफराक समेत गरेका छनभन्ने कुरा प्र.अ बाट जानकारी प्राप्त भयो ।

### ४.४.२ श्री मनशान्ति प्राथमिक विद्यालय, पोक्लवाङ, नुनढाकी -३

विद्यालय सुधार योजनाको भौतिक पक्ष कार्यान्वयनका समस्या अध्ययन गर्दा विद्यालयसँग सम्बन्धित लब्ध प्रतिष्ठित व्यक्तिहरुलाई प्र.अ. ले चिठी काटेर आमन्त्रण गर्दा अथवा बैंठकमा बोलाउँदा पनि वि.व्य.स. का पदाधिकारीहरु आंशिक रुपमा मात्र उपस्थित हुने गरेको, विद्यालय भनेको शिक्षकका मात्र हो भन्ने जस्ता अव्यवहारिक र अज्ञानि कुराहरु भन्ने गरेको पाइयो । भौगोलिक स्वरुपमा प्रकृतिले ठेगेको चारैतर्फ भिरपाखा र ठूला खहरे खोलाले सीमाबन्धन गरेको पोक्लवाङमा विकासका कार्य गर्न धेरै अप्ठयारो भएको प्र.अ. सन्तकुमार लिम्बुको अनुभव छ । यस पटक पनि विद्यालय सुधारको नाममा छात्रा शौचालय परेको छ । त्यसको उपभोक्ता समिति गठन गरीनिर्माण कार्य अगाडी बढाउन नसकिरहेको

कुरा प्र.अ. लिम्बुले जानकारी दिएका थिए । विभिन्न राजनैतिक पार्टीले पनि निर्माण कार्यमा बाधक पारेको अध्ययनले पत्ता लगाएको छ ।

### ४.४.३. श्री महादेवथान प्राथमिक विद्यालय, मैदाने, नुनढाकी -४

विद्यालय साझा सम्पति भएपनि संरक्षण र सम्बर्द्धन गर्ने दायित्व विद्यलायका शिक्षक स्टापलाई मात्र भएको । कुनैपनि भौतिक पक्षको योजना र अनुगमन गर्ने विद्यालय सेवाक्षेत्रका अभिभावकहरुले ध्यान नदिएको विद्यालयमा आउने खानेपानीको पाइप बिचबाटैमा काटिएको छ । जथाभावि सकेट लगाइएको छ ।विद्यालयमा पानीको समस्या विगत ३ बर्षदेखि टकारो रुपमा भएपनि कार्यक्रमालई व्यवस्थित गर्न नसकेको वितगको कार्य समिक्षा गर्न वि.व्य.स. लगायत अन्य आमन्त्रित अभिभावकको भेला गराउन नसकिएको । भौतिक सम्पतिको रक्ष ागर्न योजना बनाउन नसकेको । विगत बर्षका विद्यालय सुधार योजनाको काम गर्दा जि.शि.का. ले तोकिदिएको ४० प्रतिशत रकम साझेदारी गराउन विद्यालयले चन्दा उठाउनु परेको अनुभव प्र.अ. धनबहादुर राईबाट थाहा पाइयो ।

### ४.४.४ श्री गणेश प्राथमिक विद्यालय सिंङरिङ, नुनढाकी -६

विद्यालय सुधार योजनाको भौतिक पक्षको कार्यान्वयमा यस विद्यालयले पहल गरेको तर उद्देश्यर अनुसार भौतिक पक्षको योजनाहरु कार्यान्वनय हुन असजिलो भएका छन ।विद्यालयमा छलफल गराई, बैंठक बसेर कक्षा ६ संचालन गर्ने कुरा धेरै भएको तर कार्यान्वयन चरण फित्तलो भएको अनुभव पाइयो । विगत बर्षमा विद्यालय सुधार योजना अन्तर्गत खेलमैदान निर्माण गर्दा जि.शि.का बाट प्राप्त अनुदान निकासा रु१ लाख बाट खेलमैदानको निर्माण गर्दा ४०% विद्यालयले आन्तरीक श्रोतबाट रकम थप गरी खेलमौदन निर्माण गरी छात्र १८५ जना छात्रा १६० गरी कूल जम्मा ३४५ छात्रछात्रा लाभान्वित भएका छन । यस बर्ष खानेपानीको लागि अुनदान निकासा भएको छ भन्ने सुनेको निर्माण प्रक्रिया कार्यान्वयन हुन नसकेको कुरा प्र.अ. रत्न घलेले बताउनु भयो ।

### ४.४.५. श्री पासाङल्हामू प्राथमिक विद्यालय भित्रे, नुनढाकी -७,

यो प्राथमिक विद्यालयमा कक्षा २ सम्म मात्र पढाई संचालन हुँदै आएको विद्यालय सुधार योजनाबाट प्राप्त अनुदानबाट शिक्षकको तलब समेत ख्वाउनुपर्ने अवस्था देखिएको छ । खोनपानीको अभाव देखिन्छ । अव्यवस्थित कक्षा कोठा भएको उक्त विद्यालयमा गत बर्षको विद्यालय सुधारयोजनाबाट प्राप्त अनुदान रु.५० हजारलाई खेलमैदान निर्माण गर्न उपभोक्ता समितिको गठन गरी निर्माण कार्य कार्यान्विनय गर्दा खासै समस्या सामना नगरी पूरा भएको कुरा प्र.अ. पासाङ शेर्पाले जानकारी दिनु भएको थियो ।

### ४.४.६ श्री ज्वालामुखी प्राथमिक विद्यालय याङसिजुङ, नुनढाकी -८

यस विद्यालयमा वि.सु.यो. को व्यवस्थापन पक्ष कार्यान्वयन गराउँदा भोगेका समस्याहरुमा निर्माण उपभोक्ता समिति गठन गराउन असजिलो भएको राजनीतिक अस्थितरताले गर्दा निर्माण प्रक्रियालाई व्यवस्थित गरी लान अप्ठयारो परेको ,विद्यालयले लगानी गर्नुपर्ने ४०% रकम जुटाउन गार्ह्रो परेको, वि.व्य.स. लाई समावेशी ढंगले गठन गर्न गराउन नसकिरहेको, निर्माण सामग्री खरिद गर्न चैनपुर वा पिखरी बजार पुग्नु परेको निर्माण सामग्री विद्यालयमा ल्याई पुऱ्याउन भौगोलिक हिसाबले टाढा र विकट भएको ल्याउँदा विद्यालयमा राख्दा कम्पाउण्डवाल नभएको हुँदा सामग्री टुट्ने, फुट्ने हराउने तथा सिमेन्टहरु डयामेज हुने आदि समस्या भएको कुरा प्र.अ. नयन बहादुर लिम्बुको अनुभव प्राप्त भयो ।

### ४.५.७ श्री गुफापोखरी प्राथमिक विद्यालय, गुफा, नुनढाकी ९

विद्यालयको प्राज्ञिक तथा प्रशासनिक प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहेको हुन्छ । उसले प्रत्येक बर्ष बार्षिक योजना बनाई वि.व्य.स. बाट पारित गरी कार्यान्विनय गर्ने गराउने, विद्यालयले भवन फर्निचर, अन्य कार्यको लागि स्थानीय श्रोतबाट रकमको व्यवस्था गर्नुपर्ने तथा प्रधानाध्यापकले शैक्षिक लेखा, भौतिक व्यवस्थापन, तथ्याङ्क व्यवस्थापन, प्रशासनिक कार्य र समुदायसँग सम्बन्ध विस्तार अनुसूची अनुसार गर्दै प्रत्येक बर्ष आगामी बर्षको बजेट तयार गरी भौतिक पक्षमा के कति रकम विनियोजन गर्ने त्यसको विवरण वि.व्य.स. बाट स्वीकृत गराई त्यसको एक प्रति जिल्ला

शिक्षा कार्यालमा समयमा नै पठाउनु पर्नेछ । आय व्ययको पारदर्शि गराउदै विद्यालयको बार्षिक उत्सवनमा प्रगतीप्रतिवेदन वाचन गर्नुपर्ने हुन्छ ।

शोध अध्ययनमा पर्ने विद्यालयका समस्याहरु प्राय सबैका मिल्दा जुल्दा देखिए । विद्यालय सुधार योजनाको व्यवस्थापन पक्ष कार्यान्वनयका समस्या अध्ययन गरी समाधानका उपायहरुमा शिक्षा ऐन, २०२८ शिक्षा नियमावली, २०५९ को परिधीमा रही आफ्नो विद्यालयको व्यवस्थापन पक्ष कार्यान्वयनका सबालमा आएका माथि उल्लेखित समस्याहरुलाई वि.व्य.स., शि.अ. संघसँग अन्तरक्रिया गरी निश्चित निचोडमा पुगेर समाधन गर्नुपर्ने हुन्छ । अध्ययन छनौटमा परेका विद्यालयहरुको अध्ययन ले प्राथमिक विद्यालयको भवन, खेलमैदान , खोनपानी, फर्निचर, विद्यालय मर्मत सम्भार र अन्य विविध काम गर्न गराउन विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा सकारात्मक प्रभाव पारेको देखिन्छ ।

**तालिका नं १४**

**विद्यालय सुधार योजना कार्यान्वयन**

| क.सं | विद्यालयको नाम, ठेगाना | वि.व्य.सु. अनुदान | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री सिंहदेवी मा.वि. तातोपानी, नुनढाकी-१ | १,५०,०००।- | - | ✓ | |
| २ | श्री मनशान्ति प्राथमिक विद्याल पोलवाङ नुनढाकी -३ | १,५०,०००।- | - | ✓ | |
| ३ | श्री महादेव प्रा.वि. भित्रे-नुनढाकी-४ | १००,०००।- | - | ✓ | |
| ४ | श्री गणेश प्रा.वि. सिंडरिङ, नुनढाकी -६ | ५०००० | - | ✓ | |
| ५ | श्री पासाङल्हामू प्राथमिक विद्यालय, नुनढाकी -७ | ७५००० | - | ✓ | |
| ६ | श्री ज्वालामुखी प्राथमिक विद्यालय , याडसिजुङ्ग नुनढाकी -८ | ३१८६ | - | ✓ | |
| ७ | श्री गुफा पोखरी प्राथमिक विद्यालय , गुफा नुनढाकी -९ | २५०० | - | ✓ | |

*स्रोत : स्थलगत सर्वेक्षण*

नूनढाकी गा.वि.स. भित्र पर्ने सबै सामुदायिक विद्यालयहरुमा देखिएका समस्याहरु एक अर्कामा मिल्दाजुल्दा न्छन् । यस्ता समस्याहरु सम्बन्धित विद्यालयका सरोकारवालाहरुसँग सम्पर्क गरी प्रधानाध्यापकले समिति मार्फत थप पहल गर्नु पर्ने देखिन्छ ।

# परिच्देछ पाँचः प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्तिहरु

श्री शारदा उ.मा.वि. पोखरी,संखुवासभा स्रोतकेन्द्र अन्तर्गतका सामुदायिक विद्यालयहरुको विकासमा विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव सम्वन्धमा अध्ययन गर्दा यस स्रोत केन्द्र अन्तर्गतका प्राथमिक विद्यालयहरुमा विद्यालयको व्यवस्थापनमा केन्द्रको मुख नताकी आफ्नै तहबाट सुधारको थालनी गर्नुपर्छ भन्ने जानकारी दिनु, विद्यालयप्रति समुदाय र अभिभावक , सरोकारवालाहरुको जिम्मेवारी बोध गराउनु, विद्यालय सुधारमा आवश्यकता पहिचान गर्नु, साधन र श्रोतको समुचित व्यवस्था गर्नु, भौतिक सुधारको सर्वोत्तम प्रकृयाको परिचालन गर्नु , क्षमता अभिबृद्धि गर्नु, योजना निर्माण कार्यान्वयन अनुगमन, मूल्याकंन गर्ने ज्ञान, सीप र दक्षता अभिवृद्धि गर्ने विद्यालयमा गरिने शैक्षिक कार्यक्रमलाई योजनावद्ध ढगले संचालन गर्न स्थानीय समुदायमा भौतिक सुधार अन्तर्गत भौतिक पूर्वाधारहरुको विकास विना अन्य कुनै पनि कार्य अगाडि बढ्न नसक्ने भएको हुँदा भौतिक सुधार मार्फत प्राथमिक विद्यालयहरुको भौतिक पूर्वाधारहरुको बृद्धि भएको हुँदा स्थानीय समुदाय, निकाय, अभिभावक, सरोकारवालाहरुलाई विद्यालयको स्वामित्व र अपनत्वको भावना जागृत गर्ने विद्यालयको भौतिक पूर्वाधाहरुको दूरदृष्टि स्पष्ट पार्ने जस्ता सकरात्मक पक्षहरुमा हाल सम्म भएको प्राप्तिहरुको बारेमा खोज गर्दै थप सुझाव दिन यस स्रोतको प्रमुख उद्देश्य रहेका छन् । विद्यालय सुधार योजना कार्यान्वयनको अवस्था पहिचान गर्नु , विद्यालय सुधार योजनाले प्राथमिक विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव विश्लेषण गर्नु , विद्यालय सुधार योजनाको कार्यान्वयनका समस्याहरु केलाउनु र योजना कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायहरु पत्ता लगाइ वि.व्य.स., शि.अ.संघ, प्र.अ., स्रोतव्यक्ति आदिसंग जानकारी लिई यो स्रोतको प्राप्ति निष्कर्षलाई प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

श्री सारदा उ.मा.वि. पोखरी स्रोतकेन्द्र अन्तर्गतका प्राथमिक विद्यालयको विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभावका विषयमा अनुसन्धान गरी निम्न लिखित निष्कर्षहरु पत्ता लागेका छन् । ती यस प्रकार छन् :

१. स्रोतकेन्द्रका विद्यालयहरुले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गरेको पाइयो ।

२. सरोकारवालाहरुले विद्यालयलाई सुधार र सहयोग गर्न चासो देखाएको पाइयो ।

३. सबै विद्यालयहरुमा विद्यालय सुधार योजना निर्माण कार्यान्वयन मूल्याकंन गर्ने सीप र दक्षतामा बृद्धि भएको पाइयो ।

४. विद्यालय सुधार योजना मार्फत विद्यालयको सिमित स्रोत र साधनको उच्चतम परिचालन गरेको पाइयो ।

५. विद्यालयको भावी योजना दूरदृष्टि स्पष्ट भएको पाइयो ।

६. विद्यालय सुधारका लागि आवश्यक पर्ने सम्पूर्ण पूर्वाधारहरुको विद्यालय सुधार योजनामा समेटिएको पाइयो ।

७. प्राथमिक विद्यालयको भौतिक सुधारमा विद्यालय सुधार योजनाले सकरात्मक प्रभाव पारेको पाइयो ।

८. विद्यालय सुधार योजनाले भौतिक पक्ष कार्यान्वयनका समस्या र समाधानका उपायहरु पूरा गरेको पाइयो ।

९. विद्यालय सुधार योजना तर्जुमा गर्दा आवश्यक ज्ञान,सीप दक्षता बृद्धि भएको पाइयो ।

१०. जि.शि.का. र सरकारको मात्रै मुख नताकी आफ्नै तहबाट विद्यालय सुधारका कार्यहरु गरेको पनि पाइयो ।

११. समुदायमा अभिभावकहरुमा विद्यालय प्रति स्वामित्व र अपनत्वको भावना बढेको पाइयो ।

१२. विद्यालयले आफ्नो साधन र स्रोतका सर्वोत्तम परिचालन गरी भौतिक सुधार गरेको पाइयो ।

१३. विद्यालयको आवश्यकता पहिचान गरी भावी योजना निर्माण गर्न सक्षम भएको पाइयो ।

१४. विद्यालयको शैक्षिक सुधारमा विद्यालय सुधार योजनाको प्रभाव अत्यन्तै राम्रो भएको पाइयो ।

१५. यस स्रोत केन्द्र अन्तर्गतका सबै प्राथमिक विद्यालयहरुले विद्यालय सुधार योजना बनाई स्रोतकेन्द्रमा १ प्रति बुझाएको पाइयो ।

१६. भौतिक पूर्वाधार तयारी गर्दा आर्थिक पारर्दर्शिता भएको पाइयो ।

१७. शिक्षक, प्र.अ., वि.व्य.स.अध्यक्ष, शि.अ.संघ अध्यक्ष र सरोकारवालाहरु सबै मिलेर विद्यालय सुधार योजना निर्माण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गरेको पाइयो ।

## ५.३ सुझाव

यस शोधको अध्ययन अनुसन्धान, खोजको नतिजाहरुलाई अध्ययन विश्लेषण गर्दा सामुदायिक प्राथमिक विद्यालयहरुको भौतिक सुधारमा विद्यालय सुधार योजनाको प्रभाव अझ व्यापक र प्रभावकारी बनाउन निम्न सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

क) सम्पूर्ण सरोकारवालाहरुलाई अनिवार्य रुपमा विद्यालयमा बोलाई विद्यालयको भौतिक स्वरुपका बारेमा छलफल गरी विद्यालय सुधार योजना बनाउनुपर्छ ।

ख) विद्यालय सुधार योजनामा सम्पूर्ण कार्यक्रमहरुलाई समावेश गर्नुपर्छ ।

ग) जि.शि.का र स्रोतकेन्द्रबाट निरीक्षण, अनुगमन र मूल्याकंन गरिनुपर्छ ।

घ) विद्यालय सुधार योजनालाई औपचारिका रुपमा मात्र नलिई व्यवहारिक रुपमा लिएर लागू गर्नुपर्दछ ।

ङ) विद्यालयको भावी योजना दूरदृष्टि स्पष्ट बनाउनु पर्दछ ।

च) विद्यालय सुधार योजनाको कार्यान्वयनको क्रममा उत्पन्न समस्या, कमीकमजोरीहरु माथी व्यापक छलफल गरिनुपर्दछ ।

छ) विद्यालय सुधार योजनाको लक्ष्य तथा उद्देश्य अनुरुप कार्यक्रमहरु कार्यन्वयन भएको नभएको, उपलब्धिहरुमा छलफल गरिनुपर्दछ ।

ज) विद्यालयको वास्तविक अवस्थाको अध्ययन गरी साधन र स्रोतले धान्न सक्ने कार्यक्रमहरु राखेर विद्यालय सुधार योजना निर्माण गर्नुपर्छ ।

झ) विद्यालय सुधार योजना शैक्षिक सत्रको पहिलो ३ महिना भित्रमा पूरा गरी स्रोत केन्द्र मार्फत जि.शि.कामा पठाउनु पर्दछ ।

ञ) विद्यालयहरुको विद्यालय सुधार योजनामा समावेश गरेका सम्पूर्ण कार्यक्रमहरु समयमा नै कार्यान्वयन गरी पूरा गर्ने प्रयास गर्नुपर्दछ ।

# सर्न्दभ सामाग्री


अधिकारी, विष्णुप्रसाद (२०६८), *माध्यमिक शिक्षक दिर्ग्दशन,* आशिष बुक हाउस प्रा.लि. बागबजार, काठमाडौं ।

काफ्ले, गौंडेल, अधिकारी (२०६५), *शिक्षाको वित्तशास्त्र,* काठमाडौ : सनलाईट पब्लिकेशन ।

गुरुङ, होमनाथ (२०६५), *झापा जिल्ला भद्रपुर स्रोत केन्द्रका सामुदायिक विद्यालयको शैक्षिक विकासमा विद्यालय सुधार योजनाको भूमिका* , स्नातकोत्तर तह, अप्रकाशित शोध पत्र ।

जिल्ला शिक्षा कार्यालय संखुवासभा (२०६५), *अगुवा स्रोत केन्द्र परिचालन तथा सरोकारवालाहरुको क्षमता अभिबृद्धि सम्वन्धि सहयोग पुस्तिका,* खाँदवारी, संखुवासभा ।

थापा, चन्द्रकुमारी (२०६२), विद्यालय सुधार योजनामा आधारित *विकास कार्यक्रमको प्रभावकारिता,* स्नातकोत्तर तह, अप्रकाशित शोध पत्र ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *शिक्षा किताव,* कक्षा १० सानोठिमी, भक्तपुर ।

पिनाकल पव्लिकेशन प्रा.लि. (२०६७), *शिक्षा नियमावली २०६९,* बागवजार काठमाण्डौः लेखक ।

शिक्षा मन्त्रालय (२०२८),*राष्ट्रिय शिक्षा पद्धति योजना* काठमाण्डौ, नेपाल ।

शिक्षा मन्त्रालय (२०६६), *विद्यालय क्षेत्र सुधार योजना (२०६६-०७२),* काठमाण्डौ ।

शिक्षा मन्त्रालय (२०६६), *शिक्षकको पेशागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका,* शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६०), *विद्यालय सुधार योजनामा आधारित विकास सम्वन्धी कार्यक्रम, कार्यान्वयन निर्देशिका* : लेखक ।

शिक्षा विभाग (२०५८), *विद्यालय सुधार योजना तालिम पुस्तिका* , सानोठिमी भक्तपुर ।

शिक्षा विभाग (२०५५) ,उच्च स्तरीय *राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन,* काठमाडौं , लेखक

शिक्षा विभाग (२०६६), *विद्यालय व्यवस्थापन सहयोगी पुस्तिका,* सानो ठिमी भक्तपुर ।

शिक्षा विभाग (२०६६), *सामुदायिक विद्यालय सहयोग कार्यक्रम,* सानो ठिमी भक्तपुर ।

सिंहदेबी माध्यमिक विद्यालय तातोपानी(२०६८),*विद्यालयको अभिलेख,* नुनढाकी-१, संखुवासभा ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६६), *शिक्षकको पेशागत सहयोग कार्यन्वयन पुस्तिका,* सानोठिमी भक्तपूर ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६८), *प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम कार्यान्वयन पूस्तिका* , सानोठिमी, भक्तपूर :लेखक ।

स्रोत केन्द्र विकास इकाई *(२०५४), विद्यालय सुधार योजना पुस्तिका,* सानो ठिमी भक्तपुर ।

## विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव

## अनुसूची एक : प्रधानाध्यापकका लागि प्रश्नावली

**विद्यालयको नाम :**

**प्र.अ.को नाम :**

**ठेगाना :**

**मिति :**

१. तपाईको विद्यालयमा विद्यालय सुधार योजना निर्माण गर्नुभएको छ ?

क) गरेको छ  ख) गरेको छैन  ग) निर्माण गर्ने पक्षमा छौ

घ) यसको आवश्यक छैन

२. विद्यालय सुधार योजना निर्माण गर्न कस कसलाई बोलाउनु हुन्छ ?

क) सरोकारवालाई  ख) गैह्र सरकारी संघ संस्थाहरुलाइ

ग) बुद्धिजिवीहरुलाई  घ) स्थानीय शिक्षा विदहरुलाई

३. विद्यालयको शैक्षिक कार्यक्रमलाई व्यवस्थित गर्न वि.व्य.स.यो कार्यक्रम राख्नुहुन्छ ?

क) राखेको छ  ख) आगामी कार्यक्रममा राख्नुपर्ला  ग) कार्यक्रमको आवश्यकता
घ) अव सोच्नुपर्ला

४. विद्यालय मर्मत कार्यको भौतिक सुधारको कार्यप्रगति विवरण कहाँ कहाँ पठाउनुहुन्छ ?

क) स्रोतकेन्द्रमा  ख) जिशिकामा

ग) स्रोत केन्द्र तथा जिशिका दुवैमा  घ) वि.व्य.स., शिक्षक र शिक्षक स्टाफको संयुक्त बैठकमा

५. विद्यालय सुधार योजना निर्माणमा शिक्षकहरुको सहयोग लिनुहुन्छ ?

क) लिने गरेका छौ  ख) आवश्यक छैन

ग) केहि शिक्षकहरुसंग मात्र सहयोग लिए पुग्छ  घ) शिक्षक स्टाफको वैठकको निर्णयबाट

६. विद्यालयको विद्यालय सुधार योजना आवधिक निर्माण गरी भौतिक सुधारको कार्यक्रम कार्यन्वयन अनुगमन र मूल्याङकन गर्नुभएको छ ?

क) मूल्याङ्कन समितिद्वारा ख) वि.व्य.स. को अध्यक्षद्वारा

ग) स्टाफ वैठकको निर्णय अनुसार घ) व्यापक सहभागी प्रतिनिधिमुलक मुल्याङ्कन समितिद्वारा

७. विद्यालयको समग्र शैक्षिक विकासमा विद्यालय सुधार योजनामा कस्तो प्रभाव पारेको देख्नुहुन्छ ?

क) रचनात्मक ख) प्रभाव देखिदैन ।

ग) आलोचनात्मक घ) नकारात्मक

८. विद्यालय सुधार योजनाको सन्दर्भमा तपाईको राय केही भए दिनुहोस् ?

क) ख)

ग) घ)

९) शैक्षिक कार्यक्रम संचालनमा विद्यालय सुधर योजनाले कस्तो प्रभाव पार्न सक्ला ) आफ्नो राय दिनुहोस् ।

............................................................................................................
............................................................................................................ ।

१०) शिक्षण सिकाई क्रियाकलापमा निम्न अनुसार भौतिक पक्षको अवस्थामा के कस्तो सुधारको आवस्यकता रहेको छ ?

क) भवन-

............................................................................................

ख) खेलमैदान-

............................................................................................

ग) खानेपानी-

............................................................................................

घ) शौचालय-

............................................................................................

ङ) पूस्तकालय-

............................................................................................

च) फर्निचर व्यवस्थापन-

............................................................................................

छ) फोहोरमैला व्यवस्थापन-

......................................................................................

ज) विद्यालयको ढल निकाश-

......................................................................................

११) भौतिक सुधारको थप व्यवस्थापन गर्न के गर्नू पर्ला ? सुझाव दिनुहोस ।

क) ..............................................................................

ख) ..............................................................................

ग) ..............................................................................

१२) विद्यालय मर्मत कार्यको वार्षिक अनुमानित वजेट गनाउन के गरेको छ ? छ भने कसरी ?

...............................................................................................

१३) विद्यालयको लक्ष कार्यक्रमहरु र भाविदिशा प्रस्ट पार्नूभएको छ ? छ भने के कस्ता विषयवस्तुहरु समावेश गर्नूभएको छ ?

................................................................................................
.................................................................................... ।

१४) प्राथमिक विद्यालयको भौतिक सुधारमा प्रभाव पार्ने कुराहरु के के हुन् ?

................................................................................................
.....................................................................।

१५) विद्यालय सुधार योजनाको भौतिक पक्ष कार्यान्वयनका समस्याहरु केके छन् ?

क) ..............................................................................

ख) ..............................................................................

ग) ..............................................................................

घ) ..............................................................................

ङ) ..............................................................................

## विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव

## अनुसूची दुई : अध्यक्ष, (वि.व्य.स./शि.अ.सं)का लागि प्रश्नावली

**विद्यालयको नाम :**

**प्र.अ.को नाम :**

**ठेगाना :**

**मिति :**

१) विद्यालयको कार्यक्रम छनौट तर्जुमा गर्दा तपाईहरु के कसरी गर्नूहुन्छ ?

क) विव्यसको वैठकवाट ख) वि.व्य.स. शिक्षकको संयूक्त वैठकवाट

ग) वार्षिक कार्ययोजनाको आधारमा घ) विद्यार्थी प्रतिनिधिको सल्लाह अनुसार

२) भौतिक सुधार व्यवस्थापनका लागि गतवर्ष के कस्ता योजनाहरु भएका थिए ?

क) भवन निमार्ण ख) खेलमैदानको निर्माण

ग) फर्निचर व्यवस्थापन भ) अन्यक कुनै भए............................

३) तपाईको विद्यालयलाई भविश्यमा के कस्तो भएको हेर्न चाहनुहुन्छ ?

क) शैक्षिक प्रशासनिक र आर्थिक क्षमता भएको ख) प्रशासनिक पक्ष मजवुद भएको

ग) आर्थिक पक्ष मजवुद भएको घ) भौतिक पक्ष सम्पन्न भएको

४) विद्यालयमा स्वस्था शिक्षक वातावरण निर्माण गर्न घेरावाराहरुको वारेमा तपाईको सोचाई के कस्तो छ ?

क) घेरावारा वनाउन गा.वि.स. संग अनुरोध गरी वजेट छुट्याउन

ख) जि.सि.का. वाट भौतिक सुधार निर्माण माग गरी घेरावारा वनाउने

ग) घेरावारा निर्माण गर्न भुवनौट असम्भव देखिन्छ ।

घ) चालिसा प्रतिशत श्रमदान र साठी प्रतिशत गैर सरकारी संघ संस्थावाट घेरावार वनाउने ।

५) विद्यालयको भौतिक व्यवस्थापन कस्तो अवस्थामा छ ?

क) अत्यन्तै राम्रो अवस्थामा    ख) चिन्ताजनक अवस्थामा

ग) अति सामान्य अवस्थामा    घ) काम चलाऊ मात्र

६) तपाइको विद्यालयको भौतिक सुधारको कस्तो व्यस्थापन हुन आवश्यक देख्नुहुन्छ ?

..........................................................................................................

.........................................................................।

७) विद्यालय सुधार योजनाले भौतिक सुधारमा कस्तो प्रभाव पारेको देख्नुभएको छ ?

..........................................................................................................

.........................................................................।

८) विद्यालय सुधार योजनाको कार्यन्वयन कसरी गर्नु उपर्युक्त हुन्छ ? सुझाव दिनुहोस् ।

..........................................................................................................

.........................................................................।

९) प्राथमिक विद्यालयको भौतिक सुधारमा प्रभाव पार्ने कुराहरु के के छन् ?

..........................................................................................................

.........................................................................।

१०) विद्यालय सुधार योजनाको भौतिक पक्ष कायान्वयनका समस्याहरु के के छन् ?

..........................................................................................................

.........................................................................।

## विद्यालय सुधार योजनाले विद्यालय व्यवस्थापनमा पारेको प्रभाव

## अनुसूची तीन : अभिभावक संग गरिएको प्रश्नावली

**विद्यालयको नाम :**

**अभिभावकको नाम :**

**ठेगाना :**

**मिति :**

१. तपाइलाई विद्यालयको कार्यक्रममा निमन्त्रणा गर्ने गरिएको छ कि छैन ?

क) वार्षिक उत्सवमा मात्र ख) सामाजिक परिक्षणमा मात्र

ग) परीक्षार्थीको नतिजा विश्लेषण गर्दा घ) विद्यालयको भवन निर्माण गर्न

२. तपाइलाई विद्यालय सुधार योजनाको बारेमा जानकारी कस्तो छ ?

क) सामान्य जानकारी छ ख) यसबारे जानकारी नै छैन

ग) अलि अलि त सुनेको हो घ) जानकारी भए पनि हाम्रो कुरा कस्ले मान्छ र ?

३. विद्यालयको शैक्षिक तथा भौतिक सुधारलाई आधार मानेर तपाइ केहि सुझाव दिन सक्नुहुन्छ ?

क) ख)

ग) घ)

## विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव

## अनुसूची चार : शिक्षक/शिक्षिका लागि प्रश्नावली

**विद्यालयको नाम :**

**शिक्षक/शिक्षिकाको नाम :**

**ठेगाना :**

**मिति :**

१. विद्यालय सुधार योजनाले भौतिक सुधारमा कस्तो प्रभाव पारेको छ ?

क) रचनात्मक ख) आलोचनात्मक

ग) शैक्षिक सुधारका लागि भौतिक सुधार आवश्यक छ घ) विद्यालय सुधार योजनाले भौतिक सुधारमा सकरात्मक प्रभाव पारेको देखिन्छ

२. विद्यालयको भौतिक सम्पत्तिको संरक्षण कसले गर्नुपर्ला ?

क) प्रधानाध्यापकले ख) वि.व्य.स.ले

ग) सरोकारवालाहरुले घ) शिक्षक विद्यार्थी र समुदायको साझेदारीमा

३. विद्यालय सुधार योजनाको विविध पक्षबारे तपाइलाई के थाहा छ ?

..........................................................................................................
.........................................................................।

४. घेरावारको आवश्यकता पूरा गर्न के गर्नुपर्ला ? सुझाव दिनुहोस्

..........................................................................................................
.........................................................................।

५. विद्यालय सुधार योजनाको भौतिक पक्ष कार्यान्वयनका समस्या र समधानका उपायहरु के के हुन सक्छन् ? सुझाव दिन सक्नु हुन्छ ?

..........................................................................................................
.........................................................................।

## विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव

## अनुसूची पाँच : विद्यार्थीका  लागि प्रश्नावली

**विद्यालयको नाम :**

**विद्यार्थीको नाम :**

**ठेगाना :**

**मिति :**

१. तपाईको विद्यालयमा पढाइको अवस्था कस्तो छ ?

क) बन्द हड्ताल ज्यादा हुने          ख) नियमित पढाइ हुने

ग) नियमित तथा देखिदैन          ग) विभिन्न बहानामा विदा हुने

२. विद्यालयमा फर्निचरको अवस्था कस्तो छ ?

क) प्रयाप्त          ख) अप्रयाप्त          ग) विद्यार्थीको उमेर सुहाउदो फर्निचर नभएको          घ) फर्निचर ज्यादा टुटफुट भएको

३. विद्यालयमा शौचालयको व्यवस्थापन कस्तो छ ?

क) एउटा मात्र शौचालय छ     ख) छात्र/छात्रा/शिक्षकको लागि अलग अलग शौचालय छ

ग) शौचालय भए पनि सफा छैन          घ) शौचालय  भए पनि खुल्ला चौरमा जाने बानी छ

४. तपाइलाई विद्यालय सुधार योजानको वारेमा केही थाहा छ ?

..................................................................................................................
.........................................................................।

**विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव**

**अनुसूची छ : अवलोकन फारम**

**विद्यालयको नाम, ठेगना :**

**अवलोकन मिति**

१) भवन

२) कालोपाटीः

३) कक्षाकोठाको आकार

४) फर्निचर को अवस्था

५) रेलिङ

६) भवनको छाना

७ शौचालयको अवस्था

८) खानेपानी को अवस्था

९) घेरावार

१०) वृक्षारोपण

११) खेलमैदान

१२) बगैचा

१३) फुलवारी

१४) टेवुलटेनिस हल

१५) परीक्षा संचालन गर्ने हल

१६) सूचना पार्टी

१७) कम्प्यूटर कोठा

१८) प्रयोगशाला

१९) विज्ञान कक्षा

२०) अफिसको सजावट

२१) रोष्टम टेवल

२२) अन्य केहि भए

..............................
अवलोकन कर्ताको नाम
अवलोकनको मिति :

**विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव**

## अनुसूची सात : विद्यालयको भौतिक अवस्था

**विद्यालयको नाम, ठेगना :**

**सर्वेक्षण मितीः**

**सर्वेक्षकको नाम :**

१. भवनको अवस्था

क) संख्या

ख) कच्ची/पक्की

ग) आफ्नो वा बहालमा

घ) सार्वजनिक

२. कोठाको विवरण

३. फर्निचरको संख्या

क) डेक्स

ख) वेन्च

ग) टेवुल

घ) दराज

ङ) मेच    च) अन्य...

४. खेलमैदानको अवस्था र जग्गा : (रोपनी वा विगाहामा)

५. शौचालयको संख्या :

क) महिला    ख) पुरुष

६. खानेपानीको अवस्था :

७. पुस्तकालयको अवस्था :

८. प्रयोगशालाको अवस्था :

९. सवारी साधन पार्क स्थल वा अन्य

१०. शैक्षिक सामग्री स्टोर


११. वार्षिक आम्दानी विवरण

क) आम्दानीका श्रोतहरु

ख) विद्यालय सुधार योजनाबाट लगानी

**विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव**

## अनुसूची आठ : प्रधानाध्यापकको कार्य


प्रधानाध्यापकको कार्य
शैक्षिक व्यवस्थापन
लेखा व्यवस्थापन
भौतिक व्यवस्थापन
तथ्याङ्क व्यवस्थापन
प्रशासनिक कार्य
समुदायसंग सम्वन्ध वस्तार
योजाना
संगठन
नेतृत्व
निर्देशन
संचार
समन्वय
मूल्याकंन
सुपरिवेक्षण
नियन्त्रण
दण्ड, सजाय
पुरस्कार
आय/व्यय
वजेट
नगद बैकमा
जिन्सी
भवन
फर्निचर
शौचालय
खेलमैदान
पुस्तकालय
प्रयोगशाला
खानेपानी
ढलनिकास
फोहोर व्यवस्थापन
घेराबार
कालोपाटी व्यवस्थापन
कालोपाटी व्यवस्थापन
शिक्षक
विद्यार्थी
भौतिक सम्पत्ति

## विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव
## अनुसूची नौः अवलोकन फारम

**विद्यालयको नाम, ठेगना :**

**अवलोकन मितिः**

**अवलोकनकर्ताको नाम :**

| क.स. | क्रियाकलापहरु | भौतिक अवस्थ | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | राम्रो | ठिकै राम्रो | तत्काल मर्मत गर्नुपर्ने | पुर्नस्थापन गर्नुपर्ने | दयनिय अवस्था | |
| १ | भवनको फाउण्डेशन | | | | | | |
| २ | गारोको अवस्था | | | | | | |
| ३ | झ्याल तथा ढोकाहरु | | | | | | |
| ४ | खेलमैदान व्यवस्थापन | | | | | | |
| ५ | शौचालय व्यवस्थापन | | | | | | |
| ६ | विविध व्यवस्थापन | | | | | | |
| | क) | | | | | | |
| | ख) | | | | | | |
| | ग) | | | | | | |

विद्यालय सुधार योजनाले विद्यालयको व्यवस्थापनमा पारेको प्रभाव

अनुसूची दशः नमूनाको आकार

जनसंख्याको आकार अन्तर्गत निम्न लिखित जनसंख्या लिएर तथ्यांक संकलन प्रक्रिया अगाडि बढाएको छ ।

क. प्रधानाध्यापक ( सवै विद्यालयका ) ७ जना

ख. शिक्षक शिक्षिकाहरु ( सवै विद्यालयका ३/३ जनासँग गरी )

ग. वि.व्य.स.का अध्यक्षहरु (सवै विद्यालयका)

घ) वि.व्य.स.का सदस्यहरु (सबै विद्यालयका ३/३ जनासंग)

ङ) शि.अ. संघका अध्यक्ष (सबै विद्यालयका अध्यक्षहरु)

च) चन्दा दाता शिक्षाप्रेमीहरु (सबै विद्यालयका ३/३ जनासंग)

छ) सामाजिक परिक्षणका पदाधिकारीहरु (सबै विद्यालयका ३/३ जनासंग)

ज) अभिभावकहरु (सबै विद्यालयका ३/३ जनासंग)

झ) विद्यार्थी छात्र छात्रा  (सबै विद्यालयका ३/३ जनासंग)

ञ) परिचर  (सबै विद्यालयका परिचरहरु)